प्रभाव दैनिक
National Daily
ई-पेपरका लागि

वर्ष ९ | अंक २१८ | काठमाडौं | शुक्रबार, २३ मंसिर २०७९ | Prabhab National Daily | Friday, December 9, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

एकीकृत समाजवादीले जितेको १० क्षेत्र

समानुपातिकमा साढे १८ प्रतिशत न्यून मत

काठमाडौं (प्रस)– यही ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा नेकपा एकीकृत समाजवादी पार्टीले प्रत्यक्षतर्फ १० सिट जिते पनि राष्ट्रिय दल बन्न पाएन। समानुपातिकतर्फ अपेक्षाकृत मत नपाउँदा ‘थ्रेसहोल्ड’ कटाउन नसकेपछि राष्ट्रिय दल बन्न नपाएको हो । यस दलले चुनाव जितेका क्षेत्रमा समानुपातिकतर्फ कति मत पायो भन्ने चासोको विषय बनेको छ ।

गठबन्धनमा टेकेर विजय हासिल गरेको एकीकृत समाजवादीले १० निर्वाचन क्षेत्रबाट समानुपातिकमा जम्मा ४४ हजार ६०३ मत प्राप्त गऱ्यो । जबकि ती क्षेत्रमा उक्त पार्टीका उम्मेदवारहरूले पाएका कूल मत दुई लाख ४० हजार ३३४ रहेको छ। यस हिसाबले एकीकृत समाजवादीले प्रत्यक्षमा जितेका १० क्षेत्रमा पाएको मतभन्दा समानुपातिकमा १८.५५ प्रतिशत कम देखिएको छ।

> प्रत्यक्षतर्फ १० सिट जिते पनि समानुपातिकतर्फ अपेक्षाकृत मत नपाउँदा ‘थ्रेसहोल्ड’ कटाउन नसकेपछि राष्ट्रिय दल बन्न पाएन

निर्वाचन क्षेत्रमा उठेका एकीकृत समाजवादीका उम्मेदवारले उल्लेख्य मात्रामा मत ल्याएर विजयी भए पनि समानुपातिकमा मत ल्याउन सकेनन् । सत्तरुढ गठबन्धनबाट साझा उम्मेदवार बनेर निर्वाचनमा होमिएको यस दलको धरातल भने कमजोर देखिएको छ। गठबन्धन गरेर निर्वाचनमा जाँदा ‘मत ट्रान्सफर’ भएन भन्दै सार्वजनिक अभिव्यक्ति दिइरहेको एकीकृत समाजवादीले समानुपातिकमा जम्माजम्मी दुई लाख ९८ हजार ३९१ मतमात्रै ल्याउन सफल भयो। यदि, जितेका सबै निर्वाचन क्षेत्रबाट पनि सोही अनुपातमा समानुपातिक मत आएको भए राष्ट्रिय दल बन्ने आकांक्षा पूरा हुने थियो।

गठबन्धनबाट १९ सिटमा उम्मेदवारी दिएर १० क्षेत्रमा जित निकालेको एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले रौतहट १ बाट ३३ हजार ५२२ मत ल्याएर विजयी हुँदा समानुपातिकमा नौ हजार ५७८ मत मात्रै पाएको छ। बारा ४ बाट कृष्णकुमार श्रेष्ठले ३० हजार ३४१ मत ल्याएर विजयी बन्दा समानुपातिकमा पार्टीले चार हजार ६९१ मत ल्यायो। अर्का उम्मेदवार राजेन्द्र पाण्डेले धादिङ १ मा ३६ हजार १८ मत ल्याएर (**बाँकी पृष्ठ ३ मा**)

मुख्यमन्त्री बन्न सांसदहरूको लर्को

■ जेबी योञ्जन

सुदूरपश्चिम
कर्णाली
गण्डकी
लुम्बिनी
बागमती
प्रदेश १
मधेस
मुख्यमन्त्री
?

- प्रदेश १ मा सात, मधेसमा आठ, बागमतीमा छ, गण्डकीमा चार, लुम्बिनीमा छ, कर्णालीमा छ र सुदूरपश्चिम प्रदेशमा सात जना गरी ४४ जना मुख्यमन्त्रीको आकांक्षी
- प्रदेश १ मा जसपाको एक सिट निर्णायक
- जनमतको सहयोगले मधेस र लुम्बिनीमा गठबन्धनको सरकार
- बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिममा गठबन्धनलाई सहज

काठमाडौं– निर्वाचन आयोगले प्रत्यक्ष र समानुपातिक दुवैतर्फको चुनावी परिणाम सार्वजनिक गरेपछि प्रदेशहरूमा सरकार गठन गर्न दलहरूले चाँजोपाँजो मिलाइरहेका छन् । संघीयताको मेरुदण्ड मानिएको प्रदेशहरूमा सरकार गठनमा सत्तारूढ गठबन्धनका दलहरूले प्रयास गरिरहेका छन् ।

नेकपा एमालेले नेतृत्व गरेको अर्को गठबन्धनले पनि सरकार गठनका लागि अनौपचारिक छलफल थालेको छ । तर, कुनै एक दलले सरकार गठन गर्ने सम्भावना कुनै पनि प्रदेशमा छैन । दुई वा दुईभन्दा बढी दलहरूको मिलिजुली सरकार बन्ने संसदीय अंकगणित छ ।

सत्तारूढ गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चा रहेका छन् । यी दलहरू रहेको गठबन्धनसँग लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि चुनावी गठबन्धनमा जोडिएको थियो ।

यी पाँच दलले नै सरकार गठन गर्ने मोटामोटी समझदारी भइसकेको छ। नयाँ दल जनमत पार्टीले पनि सत्तारूढ गठबन्धनसँग सहकार्य गर्ने निश्चित भइसकेको छ । यी आधारले गठबन्धन दलहरूले सबै प्रदेशमा सरकार गठन गर्ने तयारी गरेका हुन् । एमालेले पनि साना वा स्वतन्त्र सांसदहरूको समर्थन जुटाउँदै बहुमत जुटाउन प्रयास गरिरहेको छ ।

प्रदेश १ : जसपाको एक सिट निर्णायक

प्रदेश १ मा सत्तारूढ गठबन्धन र नेकपा एमालेले सरकार गठनको तयारी गरिरहेका छन् । त्यहाँको प्रदेश संसद्मा एमाले पहिलो दलको हैसियतमा छ । मुलुकका आठ जना पूर्वप्रधानमन्त्रीहरू मातृकाप्रसाद कोइराला, बिपी कोइराला, नगेन्द्र रिजाल, मनमोहन अधिकारी, सूर्यबहादुर थापा, गिरिजाप्रसाद कोइराला, झलनाथ खनाल हुँदै केपी शर्मा ओलीको गृह प्रदेश यहाँ एमाले र राप्रपाले सरकार गठन गर्न चाहेको छ। एमालेको ४० र राप्रपाको छ सिट छ। सरकार गठनमा एक सिट आवश्यक देखिन्छ।

एमालेसँगको चुनावी गठबन्धनमा रहेको दल जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले चुनाव सकिएसँगै सहकार्य सकियो भनेका कारण त्यहाँ जसपाले एमाले गठबन्धनमा सामेल हुने सम्भावना कम रहेको छ । यदि, त्यहाँ एमाले गठबन्धनमा जसपा सामेल भए एमाले नेतृत्वमा झिनो बहुमत पुग्ने अवस्था हुन्छ । एमालेबाट पूर्वमन्त्री हिक्मत कार्की मुख्यमन्त्रीको दाबेदार हुन् । अर्का एमाले सांसद तिलकुमार मेन्याङ्बोलाई पनि दाबेदारको रूपमा हेरिएको छ।

कूल ९३ जना सांसद रहेको प्रदेशमा सरकार गठन गर्न ४७ सांसद चाहिन्छ। त्यहाँ नेपाली कांग्रेसको २९ जना र नेकपा माओवादी केन्द्रको १३ जना सांसद छन्। नेकपा एकीकृत समाजवादीको चार जना सांसद छन् । सत्ता गठबन्धनको यहाँ एमाले-राप्रपाको जस्तै ४६ सिट छ । यसकारण यहाँको सत्ताको चाबी जसपाको हातमा छ।

यहाँ कांग्रेसबाट सांसदहरू केदार कार्की, अमृत अर्याल र उद्धव थापाले मुख्यमन्त्रीका लागि लबिइङ गरिरहेका छन् । माओवादीबाट इन्द्रबहादुर आङ्बो र एकीकृत समाजवादीबाट वर्तमान मुख्यमन्त्री राजेन्द्रकुमार राई पनि दाबेदार छन् ।

मधेस प्रदेशः एमालेको सरकार नबन्ने

पहिचानका चार आधारमध्येको एउटा भौगोलिक पहिचानका आधारमा नामकरण भएको प्रदेश हो- मधेस। यहाँ पाँच वर्षसम्म पहिचान र संघीयता पक्षधर दल जसपाका सांसद मोहम्मद लालबाबु राउत मुख्यमन्त्री भए । यसपटक भने जसपाको नेतृत्वमा सरकार बन्ने सम्भावना छैन । शक्ति सन्तुलनमा फेरबदल आएको छ।

१०७ सदस्यीय प्रदेश संसद्मा एमाले पहिलो दल बनेको छ। सरकार गठन गर्न सत्तारुढ र एमाले नेतृत्वको दुवै गठबन्धनले प्रयास थालेका छन्। यहाँ सरकार गठन गर्न ५४ सांसद चाहिन्छ।

सत्तारुढ गठबन्धनमा रहेको दल कांग्रेसका २२, लोसपाका नौ, माओवादी केन्द्रका आठ, एकीकृत समाजवादीका सात जना सांसद छन् । यी तीन दलको सांसद ४६ जना पुग्छ । यो गठबन्धनलाई बहुमतका लागि थप आठ सांसद चाहिन्छ। तर, जनमत पार्टी समर्थन गर्दै सत्ता गठबन्धनको सरकारमा सहभागी हुने पक्षमा छ । उक्त दलको १३ सिट छ । यो सरकार गठनका लागि स्पष्ट बहुमत हो । फेरि, जसपा पनि गठबन्धनमै सहभागी हुनसक्ने ठानिएको छ। यो दलको १६ सिट छ। सत्ता गठबन्धनबाट कांग्रेसका रामसरोज यादव, कृष्ण यादव र वीरेन्द्र सिंह मुख्यमन्त्रीको दाबेदार छन्।

एमालेबाट सांसदहरू रामचन्द्र मण्डल, सरोजकुमार यादव र गोविन्द न्यौपाने पनि मुख्यमन्त्रीको आकांक्षी देखिएका छन्। तर, एमालेको प्रदेशमा २३ सिट रहेको छ । एमालेलाई सरकार बनाउन यहाँ ३१ सांसद चाहिन्छ। १५ सांसद रहेको जसपाले साथ दिए पनि एमालेको ३८ मात्रै सांसद हुने स्थिति छ । यसो हुँदा १६ जना सांसद पुग्दैन । नागरिक उन्मुक्ति पार्टी र नेपाल संघीय समाजवादीको एक-एक सांसद र स्वतन्त्र छ सांसदले समर्थन गरे पनि सरकार गठन गर्न आठ सांसद पुग्दैन । यसकारण यहाँ एमाले नेतृत्वमा सरकार बन्ने सम्भावना न्यून देखिन्छ।

यहाँ जसपाबाट वर्तमान मुख्यमन्त्री राउत नै मुख्यमन्त्री बन्न चाहेका छन्। पूर्वसभामुख सरोजकुमार यादवले पनि मुख्यमन्त्रीमा चाहना राखेका छन्।

बागमतीः गठबन्धनकै सरकार निश्चित

संघीय राजधानीसमेत रहेको बागमती प्रदेशमा सत्तारूढ गठबन्धनलाई मतदाताले बहुमत दिएका छन् । ११० सिट रहेको बागमती प्रदेश संसद्मा ६५ सिटसहित स्पष्ट बहुमत गठबन्धन दलहरूले पाएका छन् ।

(**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन

‘विदेश जानुअघि तालिम र स्वास्थ्य परीक्षण कागजमै सीमित’

■ मोहनप्रसाद पन्त

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
हरिहरभवन, ललितपुर / Hariharbhawan, Lalitpur
Ph: 015010015/16/17/18

काठमाडौं– वैदेशिक रोजगारीमा जाने नेपाली कामदार सम्बन्धित मुलुकको वातावरण, हावापानी, रहनसहन, भाषा, रीतिरिवाज तथा कानुनीपक्षबारे जानकार नहुँदा समस्यामा पर्ने गरेको राष्ट्रिय मानवअधिकार आयोगले औंल्याएको छ । उक्त जानकारी नलिई रोजगारीका लागि जाँदा अनाहकमा धेरै नेपाली कामदार जोखिममा परेको आयोगको भनाइ छ।

आयोगले राष्ट्रपतिसमक्ष बुझाएको वार्षिक प्रतिवेदन-२०७९ मा विदेश जाँदा तालिम, स्वास्थ्य परीक्षणजस्ता विषय अनिवार्य भनिए पनि कागजी प्रक्रियामा मात्रै सीमित देखिएकोसमेत औंल्याएको छ । यसरी सम्बन्धित देशमा पुगेपछि ती कामदारलाई जोखिम निम्त्याइरहेको आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ।

वैदेशिक रोजगारीका क्रममा मृत्यु हुनेमा अधिकांश मलेसिया र खाडी मुलुक गएका श्रमिक रहेको पनि आयोगले जनाएको छ । मृत्युको कारण बिरामी, आत्महत्या, सडक दुर्घटना, कार्यस्थल दुर्घटना, क्यान्सर, मृगौलासम्बन्धी रोग, कोरोना भाइरस, हृदयघात आदिलाई उल्लेख गरिएको छ।

आर्थिक वर्ष २०७८/७९ मा वैदेशिक रोजगारीमा जाने एक हजार ४७९ जना नेपालीले ज्यान गुमाएका छन् । जसमध्ये मलेसिया र खाडी मुलुकमा गएका नेपालीको मृत्युदर ७५ प्रतिशतको हाराहारी रहेको बताइएको छ। आयोगले वैदेशिक रोजगार बोर्डको तथ्यांकलाई उद्धृत गर्दै २४५ जना अंगभंग भएको, ९९९ जनालाई उद्धारका लागि समन्वय गरिएको, २१३ शव झिकाउन समन्वय गरिएको, र घरपरिवारसम्म ७९५ शव पुऱ्याइएको उल्लेख गरेको छ । तर, भारतमा काम गर्न जाने नेपालीहरूको मृत्युका सम्बन्धमा कुनै तथ्यांक नभको भन्दै आयोगले चालु आवदेखि भारतमा रोजगारी गरी बस्ने नेपाली नागरिकहरूको विषयमा अध्ययन अनुसन्धान सुरु गरेको जनाएको छ।

वर्तमान परिवेशमा देशबाहिर रोजगारीका लागि जानु सामान्य भइसकेको भन्दै अन्तर्राष्ट्रियरूपमा विशेषतः आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० अनुसार महासन्धिलाई अनुमोदन गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरिसकेको उल्लेख गरेको छ । वैदेशिक रोजगार व्यवस्थापनका सम्बन्धमा राज्यका जिम्मेवार निकायहरूमार्फत कार्यसम्पादन भइरहेको जनाउँदै हालसम्म नेपाल सरकारले संस्थागतरूपमा १११ देशमा श्रम स्वीकृति दिएको जनाएको छ। रोजगारदाताबाट प्राप्त मागका आधारमा ठूलो हिस्सा रोजगारीका लागि संस्थागत र व्यक्तिगतरूपमा जाने गरेको र भारतमा जाने संख्याको सम्बन्धमा नेपाल सरकारसँग कुनै आधिकारिक तथ्यांक नरहेको उल्लेख गरिएको छ।

> वैदेशिक रोजगारीलाई विप्रेषण (रेमिट्यान्स)को मात्र विषय नबनाई नेपाली श्रमिकहरूले भोगिरहेका समस्या र नेपाली समाजमा दीर्घकालीनरूपमा बेहोर्नुपर्ने समाजिक मूल्यका विषयमा अझ बढी गम्भीर हुनुपर्ने सुझाव

आयोगले प्रतिवेदनमा उल्लेख गरेअनुसार वैदेशिक रोजगारमा अभिलेखित भई जाने संख्याको प्रवृत्तिलाई हेर्दा सन् २००८/२००९ मा दुई लाख २० हजारको संख्यामा रहेको थियो भने सन् २०२१/२०२२ सम्म आउँदा वार्षिकरूपमा जाने संख्या तीन लाख ४७ हजार ५०४ रहेको देखिन्छ । यो संख्यामा कोभिड संक्रमणको अवस्थामा विभिन्न प्रमुख गन्तव्य मुलुकहरूले आगमनमा बन्देज लगाएको कारणले न्यून संख्या रहेको थियो । त्यसैगरी महिलाहरूको संख्यालाई सन् २००८/२००९ मा हेर्दा नौ हजारभन्दा कम रहेको थियो भने सन् २०२१/२०२२ मा आउँदा ३३ हजारको संख्यामा पुगेको छ। कोभिडपश्चात्को समय सन् २०२१/२०२२ को वार्षिक श्रम स्वीकृति लिएका छ लाख २८ हजार ५०३ मध्ये तीन लाख ४७ हजार ५०४ जनाले पुनः श्रम स्वीकृति लिएको देखिन्छ । प्रतिशतको अनुपातमा हेर्ने हो भने ५२.५ प्रतिशतले नयाँ श्रम स्वीकृति लिएका छन् भने ४७.५ प्रतिशतले पुनः श्रम स्वीकृति लिएको तथ्यांकले देखाउँछ।

यस्तै अफगानिस्तानमा उत्पन्न परिस्थितिको आकलन गर्दै वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरूको बारेमा पनि आयोगले विशेष चासो दिएको छ । आयोगले अफगानिस्तामा कार्यरत नेपाली नागरिक तथा श्रमिकहरूको सुरक्षा, खाने बस्ने र उद्धार तथा फिर्तीका सम्बन्धमा परराष्ट्र मन्त्रालयका सचिव र वैदेशिक रोजगार विभागका महानिर्देशकसँग बैठक बसेको जानकारी दिएको छ। उक्त वैठकपछि अफगानिस्तानबाट कूल ९४० जना नेपाली नागरिक उद्धार भई सुरक्षितरूपमा नेपाल आएको आयोगले जनाएको छ । यस्तै वैदेशिक रोजगारीलाई विप्रेषण (रेमिटचान्स) को मात्र विषय नबनाई नेपाली श्रमिकहरूले भोगिरहेका समस्या र नेपाली समाजमा दीर्घकालीनरूपमा बेहोर्नुपर्ने समाजिक मूल्यका विषयमा अझ बढी गम्भीर हुनुपर्ने सुझावसहित नेपाल सरकारको आगामी निति, कार्यक्रम तथा स्रोतहरूलाई त्यसतर्फ पुऱ्याउन निर्देशितसमेत गरेको छ।

जनहितमा जारी सन्देश

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

मुख्यमन्त्री बन्न...

पृष्ठ १ बाट जारी

सरकार गठन गर्न ५६ सिट चाहिन्छ ।

निर्वाचन आयोगका अनुसार यहाँ कांग्रेसको ३७, माओवादीको २१ सिट र एकीकृत समाजवादीको सात सिट छ । यी तीन दलकै सिट ६५ पुग्छ । यस आधारमा सत्ता गठबन्धनले सहजै सरकार गठन गर्ने अवस्था यहाँ छ ।

कांग्रेसबाट बहादुरसिंह लामा तामाङ र इन्द्र बानियाँ मुख्यमन्त्रीको मुख्य दाबेदार छन् । माओवादी केन्द्रबाट शालिकराम जमकट्टेललाई पनि मुख्यमन्त्रीको दाबेदार ठानिएको छ । यहाँ एमालेले भने सरकार गठन गर्ने सम्भावना गठबन्धन एक जुट भएको अवस्थामा सम्भव छैन । उक्त दलको २७ सिट छ । एमालेसँगको गठबन्धनमा रहेको राप्रपाको १३ सिट छ । यी दुई दलको जोड्दा ४० सिट मात्रै हुन्छ । १६ सिट अपुग हुन्छ । यदि, तीन सिटको नेपाल मजदुर किसान पार्टी र दुई सिट भएको हाम्रो नेपाली पार्टीले समर्थन गर्दा पनि एमालेलाई थप ११ सांसद चाहिन्छ । यसकारण यहाँ एमालेको नेतृत्वमा सरकार गठनको सम्भावना निकै न्यून छ । एमालेबाट भने केशवप्रसाद पोखरेल, अमनकुमार मास्के र प्रकाश श्रेष्ठ मुख्यमन्त्रीका आकांक्षी हुन् ।

गण्डकी प्रदेशः एमाले गढमा कांग्रेस सरकार !

प्रत्यक्षबाट ३६ र समानुपातिकबाट २४ जना गरी ६० जना सांसद हुने गण्डकी संसद्बाट सरकार गठन गर्न ३१ जना सांसद चाहिन्छ । सत्तारूढ दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीलाई यहाँ सरकार गठन आवश्यक जनादेश जनताले दिएका छन् ।

निर्वाचन आयोगका अनुसार कांग्रेसको मात्रै यहाँ २७ सिट छ । एकल सरकार गठन गर्न चार सांसद अपुग छ । गठबन्धनको अर्को दल माओवादीको सात सिट छ । डा. बाबुराम भट्टराई नेतृत्वको दल नेपाल समाजवादी पार्टीको पनि एक सिट छ । स्वतन्त्र सांसद दीपक मनाङे एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । यसो हुँदा यहाँ सत्ता गठबन्धनको सिट ३६ पुगेको छ । यसकारण यहाँ सत्ता गठबन्धनको सरकार बन्ने निश्चितजस्तै छ । सत्ता गठबन्धनबाट कांग्रेसका सुरेन्द्रराज पाण्डे र महेन्द्रध्वज जिसी मुख्यमन्त्रीका आकांक्षी हुन् । माओवादीबाट भने हरिबहादुर चुमान आकांक्षी छन् । यद्यपि, एमाले पनि सरकार गठनको शूरमा छ । २२ सिट रहेको यो दललाई नौ सिट चाहिन्छ । तर, यही दलसँग चुनावी गठबन्धन गरेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग दुई सिट छ । राप्रपाको समर्थन हुँदा पनि सात सिट अपुग हुने अवस्था छ । एमालेबाट पूर्वगृहमन्त्री खगराज अधिकारी मुख्यमन्त्रीका दाबेदार हुन् ।

लुम्बिनी प्रदेशः गठबन्धनलाई मुस्किल

भगवान गौतम बुद्धको जन्मभूमि लुम्बिनी प्रदेशमा सरकार गठन गर्न ४४ सिट चाहिन्छ । ८७ सदस्यीय संसद्बाट पनि सत्ता गठबन्धनले सरकार बनाउने देखिएको छ । किनभने, यहाँ जनमत पार्टीले गठबन्धनलाई समर्थन गर्ने जनाएको छ ।

यस्तो अवस्था हुँदा कांग्रेसको २७, माओवादीको नौ, लोसपाको तीन, जनमतको तीन, एकीकृत समाजवादी र जनमोर्चाको एक-एक सिट छ । यी दलहरूको कूल सिट ४४ पुग्छ । यो ठिक्क बहुमत हो । यहाँ सत्ता गठबन्धनको सरकार बन्ने अवस्थामा कांग्रेसबाट अब्दुल रज्जाक र डिल्ली चौधरी मुख्यमन्त्रीका मुख्य दाबेदार हुन् । माओवादीका सांसद जोखबहादुर महरालाई पनि मुख्यमन्त्रीका दाबेदार मानिएको छ ।

प्रदेश संसद्मा एमालेका २९ जना सांसद छन् । एमालेसँगको गठबन्धनमा रहेको दल राष्ट्रिय प्रजातन्त्र पार्टीको चार जना सांसद छन् । यी दुई दलको ३३ सिट हुने देखिन्छ । ११ सिट अपुग हुने देखिएको छ । चार सिट रहेको नागरिक उन्मुक्ति पार्टीले समर्थन गरे पनि सात सिट एमालेको गठबन्धनलाई नपुग्ने अवस्था छ । तीन सिटको जसपाले के गर्छ ? टुंगो छैन । यदि, जसपाले यहाँ एमालेसँग सहकार्य गरेको र बाँकी तीन जना स्वतन्त्र सांसदले एमालेसँग सहकार्य गर्दा पनि एक सांसद पुग्ने अवस्था छैन । यहाँ एमालेबाट भने लीला गिरी, भोजराज श्रेष्ठ र भूमिश्वर ढकाल मुख्यमन्त्रीका दाबेदार छन् ।

कर्णाली प्रदेशः गठबन्धनको धमाका

देशकै सानो प्रदेश कर्णालीमा पनि ४ मंसिरमा भएको चुनावबाट सत्ता गठबन्धनलाई नै सरकार बनाउनेगरी जनादेश प्राप्त गरेको छ । सरकार बनाउन २१ सांसद आवश्यक पर्छ । तर, सत्ता गठबन्धनमा रहेको दल कांग्रेसले १४ सिट र माओवादीको १३ सिट छ । एकीकृत समाजवादीको पनि एक सिट छ । यहाँ सत्ता गठबन्धनको २८ सिट छ । यसकारण यहाँ गठबन्धनकै सरकार बन्ने देखिएको छ ।

कांग्रेसबाट यहाँ वर्तमान मुख्यमन्त्री जीवनबहादुर शाही र राजीवविक्रम शाह मुख्यमन्त्रीका दाबेदार हुन् । माओवादीबाट राजकुमार शर्मा र विन्दमान विष्ट मुख्यमन्त्रीका बलिया दाबेदार हुन् । एमालेबाट यामलाल कँडेल र विनोद शाह मुख्यमन्त्रीका आकांक्षी छन् । यहाँ एमालेको १० सांसद छन् । राप्रपाको एक सांसद छ । यस आधारमा एमाले-राप्रपाको सरकार बन्ने सम्भावना देखिँदैन ।

सुदूरपश्चिम प्रदेशः गठबन्धनकै सरकार

माओवादी केन्द्रका त्रिलोचन भट्टले पाँच वर्ष मुख्यमन्त्री भएर सरकारको नेतृत्व गरेको सुदूरपश्चिममा पनि सत्ता गठबन्धनले सरकार बनाउने तयारी गरेको छ । गठबन्धन दलहरूको स्पष्ट बहुमत पुगेको छ ।

५३ सदस्य रहेको प्रदेश संसद्मासरकार गठन गर्न २७ सांसद आवश्यक हुन्छ । कांग्रेसको १८, माओवादीको ११ र एकीकृत समाजवादीको एक सिट छ । गठबन्धनको बहुमत पुग्ने भएपछि यहाँ पनि कांग्रेसका गोविन्द बोहरा, रणबहादुर रावल, बहादुर थापा र दिवानसिंह विष्ट मुख्यमन्त्रीका दाबेदार छन् ।

तर, कांग्रेसकै सभापति शेरबहादुर देउवाले उनकै जिल्लाबाट निर्वाचित माओवादी सांसद खगराज भट्ट मुख्यन्त्रीको आश्वासन दिएका छन् । यसकारण मुख्यमन्त्रीको बलिया दाबेदार माओवादीबाट भट्ट हुन् । एमालेमा भने सुरेन्द्र विष्ट र चक्र मल्ल मुख्यमन्त्रीका दाबेदार हुन् ।

यहाँ एमालेको १० सिट रहेको छ । राप्रपाको एक सिट छ । नागरिक उन्मुक्तिः पार्टीको आठ सिट रहेको छ । एमालेलाई यी दुई दलले समर्थन गरे पनि सरकार गठन हुने सम्भावना छैन ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०८/२३

यस कम्पनीको मिति २०७९/०७/१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **समर्पण सेवा प्रा.लि. (प्रा.लि. नं. १६१७११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०७/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **समर्पण सौर्य निर्माण सेवा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०८/२३

यस कम्पनीको मिति २०७९/०७/२८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **संस्थागत विकास कन्सल्टेन्सी केन्द्र प्रा.लि. (प्रा.लि. नं. १५८८३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०८/१२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सस्टेनेवल प्रोस्प्रेरिटि इनिसिएटिभ नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

स्ववियु निर्वाचनको तयारीमा त्रिवि

काठमाडौं– त्रिभुवन विश्वविद्यालय (त्रिवि) आगामी फागुनमा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको तयारीमा जुटेको छ । २०६५ सालदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन यसपटक निर्धारित मिति आगामी फागुन १४ गते गर्ने तयारीमा त्रिवि रहेको छ ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले सबै निर्वाचन सकिएकाले अब त्रिवि स्ववियु निर्वाचनको तयारीमा लाग्ने बताए । 'सबै निर्वाचन सकिए, अब हामी पनि नियमित हुननसकेको स्ववियु निर्वाचनको तयारीमा लाग्छौं,' उनले भने, 'सबै विद्यार्थी संगठनसँग छलफल गरेर फागुनमा निर्वाचन गर्ने तयारीमा हामी जुट्छौं ।'

त्रिवि क्याम्पसमा विगत लामो समयदेखि स्ववियु निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुनसकेको छैन । त्रिविले शैक्षिक क्यालेण्डरमा नै हरेक दुई वर्षमा फागुन १४ गते स्ववियु निर्वाचनको कार्यतालिका राखेर निर्वाचन गराउँदै आएको थियो । २०६५ सम्म नियमित हुँदै आएको निर्वाचन अहिले भने रोकिएको छ ।

२०६५ चैत ६ गतेपछि एकै पटक आठ वर्षमा २०७३ चैत १५ गते भएको थियो । त्यतिबेला देशभरि त्रिविका ६२ आंगिक क्याम्पसमध्ये रत्नराज्य क्याम्पस (आरआर), जनप्रशासन क्याम्पससहित उपत्यकामा नौ वटा आंगिक र उपत्यका बाहिर १७ क्याम्पसमा मात्र स्ववियु निर्वाचन भएको थियो ।

यस्तै उपत्यकाका १३ क्याम्पस र उपत्यकाबाहिर २३ आंगिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन । त्रिविमा ६२ आंगिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । खेलकुद निर्देशनालयका निर्देशक अधिकारीले मुलुकमा नयाँ सरकार गठनलगत्तै सरकारको सहयोगमा नै स्ववियु निर्वाचन गरिने बताए । 'स्ववियु निर्वाचन निर्धारित मितिमा हुनुपर्दछ भन्नेमा त्रिवि र सबै विद्यार्थी संगठन रहेका छन्,' उनले भने, 'निर्वाचन गर्नका लागि विद्यार्थी संगठनबीचसमेत हामीले छलफल जारी राखेका छौं ।' *रासस*

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

व्याङ्गडाँडा, झापा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२३

यस कार्यालयको मिति २०७९/०७/०६ गते विविध राष्ट्रिय दैनिकमा प्रकाशित Construction of Incomplete building of Agricultural Market Shivganj (SM/NCB/6/ 2079/80) बोलपत्र आह्वानको सूचना अनुसार यस कार्यालयमा दर्ता भएका बोलपत्रहरू मूल्यांकन गर्दा निम्न बोलपत्रदाताहरूको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफाको दफा २७ (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निम्नः–

सि.नं	ठेक्का नं.	योजनाको नाम	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु.
१.	SM/NCB/6/2079/80	Construction of Incomplete building of Agricultural Market Shivganj	Shivabhakta Nirman Sewa, Shivasatakshi 11, Jhapa	५२,९४,३०६।२१ (बाउन्न लाख चौह्रानब्बे हजार तीन सय छ रूपैया एक्काईस पैसा मात्र)

अमृत बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

Madhesh Province Government
Ministry of Water Supply and Energy Development
Water Supply and Sanitation Division Office
Division No. -4 Bara, Kalaiya

NOTICE OF INVITATION FOR ELECTRONIC BIDS

First Date of Publication: 2079/08/23 (9th December 2022)

1. Water Supply and Sanitation Division Office Division No.-4 Bara, Kalaiya invites **electronic bids** from eligible Nepalese bidders for the following works/goods:

S. N.	Contract No.	Name of Contract	Cost Of Bid Document (NRs.)	Estimated Amount (With VAT and PS)	Work Experience of Similar Size and Nature	Bid Validity Period	Bid Security Amount (NRs.)/ Validity Period
1	1/W/2079-80	Construction of 225 cum RCC Overhead Water Tank at Birgunj-14 Bahuwari WSP, Parsa	3,000.00	1,31,65,451.39	1 RCC Overhead Tank of capacity 100 cum	90 days	3,50,000.00/ 120 days
2	2/W/2079-80	Construction of 225 cum RCC Overhead Water Tank at Simraungadh-3, Nayatole WSP,Bara	3,000.00	1,31,65,451.39	1 RCC Overhead Tank of capacity 100 cum	90 days	3,50,000.00/ 120 days
3	3/W/2079-80	Construction of 225 cum RCC Overhead Water Tank at Chhapkaiya Bazar WSP, Bara	3,000.00	1,31,65,451.39	1 RCC Overhead Tank of capacity 100 cum	90 days	3,50,000.00/ 120 days
4	4/W/2079-80	Construction of 225 cum RCC Overhead Water Tank at Bharatganj WSP, Bara	3,000.00	1,31,65,451.39	1 RCC Overhead Tank of capacity 100 cum	90 days	3,50,000.00/ 120 days
5	5/G/2079-80	Supply of Shallow Tube well with Accessories	3,000.00		NA	90 days	1,75,000.00/ 120 days
	Deadline for Bid Submission:		2079/09/25 (9th January 2023) till 12:00 Noon				
	Date, Time and Place of Bid Opening:		2079/09/25 (9th January 2023) 1:00 PM at Water Supply & Sanitation Division Office, Kalaiya, Bara				
	Account Number for Bid Document Purchase:		Name of Bank: Rastriya Banijya Bank, Kalaiya Name of Office: Pra. Le. I. Ka., Birgunj Account no.: 1000100200010000 Office Code No.: 3130021012 Rajaswa Code No.:14229				
	Account Number for Bid Security Deposit:		Account Name: Pra. Le. I. Ka., Birgunj Bank Name: Rastriya Banijya Bank, KalaiyaBranch Account Number: 1260100202030000 Office Code No.: 3130021012				

2. Eligible bidders may obtain further information and inspect the bidding document at Water Supply & Sanitation Division Office,Kalaiya, Bara or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp** as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

ढोल नाच उधौली तथा चण्डी पूजाका अवसरमा बिहीबार किराँत सुनुवार सेवा समाज ताप्लेजुङद्वारा फुङ्लिङ नगरपालिका–८, ल्यङ्बामा आयोजित कार्यक्रममा परम्परागत ढोल नाच प्रस्तुत गर्दै सुनुवार समुदायका युवा । *तस्बिरः सन्तोष पुर्कुटी/रासस*

भोजमा प्रयोग भएको पानीमा हैजाको जीवाणु

तानसेन (प्रस)– पाल्पाको बगनासकालीमा बिहे भोजमा प्रयोग भएको पानी दूषित रहेको प्रयोगशालाबाट पुष्टि भएको छ । बिहेको भोजमा खाना पकाउन प्रयोग भएको पानीमा हैजा फैलाउने जीवाणु 'कोलिफर्म' भेटिएको स्वास्थ्य कार्यालय पाल्पाले जानकारी दिएको छ । गएको शनिबार बिहे भोज खाएपछि पाल्पा र प्यूठानका १५० जना बिरामी परेका थिए ।

बिहेको भोजमा दुई वटा ड्रमको पानी प्रयोग भएको थियो । त्यसमध्ये एउटामा कोलिफर्म जीवाणु भेटिएको स्वास्थ्य कार्यालयका ल्याब टेक्निसियन मधुसुधन भट्टराईले जानकारी दिए । बगनासकाली-१ घोरबन्दाका दानबहादुर गाहाको छोरीको बिहेमा भोज खाएर १५० बढी बिरामी भएका थिए ।

प्यूठानबाट आएका जन्ती र पाल्पाका गाउँले र आफन्त बिरामी भएका थिए । उनीहरूलाई पेट दुख्ने, वान्ता आउने, पखाला लाग्ने, टाउको दुख्ने, ज्वरो आउने भएको थियो । बिरामीमध्ये ३४ जना पाल्पा मिसन अस्पतालमा उपचार गराएका थिए । बिरामीको दिसा परीक्षणमा पनि आउँको किटाणु देखिएको थियो । चिकित्सकले पनि आउँको किटाणु देखिएपछि पानीकै खराबी भएको हुनसक्ने बताएका थिए ।

बिहे भोजमा प्रयोग भएको खानेकुराको भने परीक्षण गरिएको थिएन । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पाल्पाले खानेकुरा सडेका कारण परीक्षण नगरेको जनाएको छ । कार्यालयका प्रमुख नरेश श्रेष्ठका अनुसार ढिलो गरी सूचना पाएकाले खानेकुराको परीक्षण नगरिएको बताए ।

समानुपातिकमा...

पृष्ठ १ बाट जारी

जित्दा समानुपातिकमा पार्टीले छ हजार ३५ मत मात्रै पायो । मेटमणि चौधरीले दाङ १ बाट २६ हजार ५७६ मत ल्याएर जित निकाल्दा समानुपातिकमा तीन हजार २१८ मत झऱ्यो । त्यस्तै सल्यानमा प्रकाश ज्वालाले ३५ हजार ७०७ मत पाएर विजयी हुँदा समानुपातिकमा पाँच हजार ९७० मत मात्रै आयो ।

डोल्पामा धनबहादुर बुढा ११ हजार २९२ मत ल्याएर निर्वाचित हुँदा समानुपातिकमा एक हजार ८२४, दैलेख १ मा अम्बरबहादुर थापाले १८ हजार २९७ मत ल्याउँदा समानुपातिकमा तीन हजार १६६ मत आएको छ । बझाङमा भानुभक्त जोशीले २८ हजार ४१३ मत ल्याएर विजयी हुँदा समानुपातिकमा पार्टीलाई पाँच हजार एक मत मात्रै झऱ्यो ।

अछाम १ बाट शेरबहादुर कुँवरले १९ हजार ५३४ मत पाएर जिते भने समानुपातिकमा मात्रै दुई हजार ७४७ मत झऱ्यो । यस्तै डोटीमा प्रेम आलेले २७ हजार २१० मत ल्याउँदा समानुपातिकमा पार्टीलाई दुई हजार ३७३ मत मात्रै आयो ।

विकास निर्माण र सामाजिक कार्यमा बढ्दै महिला सहभागिता

■ **मिमबहादुर रावल**

मान्म– चुलोचौकामा सीमित रहने कालीकोटका महिला अहिले विकास निर्माण र सामाजिक काममा अग्रसर हुनु थालेका छन् । कालीकोटमा अधिकांश पुरुष हिउँदे बाली लगाएपछि रोजीरोटीका लागि कामको खोजीमा भारतलगायत अन्य मुलुकमा जाने भएकाले यहाँका महिलाहरू विकास निर्माणको कामदेखि सामाजिक कामसम्म आफैं अग्रसर हुन थालेका हुन् ।

प्रायः पुरुषहरू रोजगारीका लागि भारत, खाडी मुलुक तथा नेपालका अन्य सहरमा जाने भएकाले गाउँमा महिलामात्र रहेकाले सबै काम महिलाले गर्नुपर्ने अवस्था रहेको कालीकोट सान्नी त्रिवेणी गाउँपालिकाकी उपाध्यक्ष पार्वती सिंह (संज्याल) बताउँछिन् । 'पुरुषहरू घरमा भए पनि काम गर्नलाई अग्रसर हुँदैनन्,' उनी भन्छिन्, 'चुलोचौकादेखि अन्य सबै काम महिलाले नै गर्नुपरेको छ ।'

पुरुषहरू घरमा भए पनि जुवातास, रक्सीमा व्यस्त हुने गरेका कारणले सबै काम आफूहरूले नै गर्नुपरेको रास्कोट नगरपालिका पूर्वउपप्रमुख मिमसरा शाही बताउँछिन् । घरमा रहेका पुरुष पनि विकास निर्माण र सामाजिक काममा त्यति अग्रसर नहुने भएका कारणले महिलाले नै सबै काममा अग्रसर हुने गरेको उनको भनाइ छ ।

सबै प्रकारका कामको बोझ हुने भएकाले यहाँका महिलालाई मेलापात, भान्सा, भारी बोक्नेदेखि हाटबजारसम्मका काम गर्ने गरेको नरहरिनाथ गाउँपालिका-९ लालुकी राजनीतिककर्मी सीता रावल बताउँछिन् । उनी भन्छिन्, 'गाउँका महिलालाई कामको बोझ धेरै हुने गर्दछ । त्यसैले यहाँका महिला बढी काम व्यस्त हुने गर्छन् ।'

गाउँमा पुरुष नहुँदा स्थानीय विकास निर्माण तथा अन्य रोजगारीका काममा महिला सहभागिता हुने गरेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम, कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित विकास निर्माणका कामसँगै स्थानीयरूपमा हुने अन्य विकास निर्माणका काममा पनि महिला नै सहभागी भएको रास्कोट नगरपालिका-८ की कलसा विकले बताइन् । 'हामीले स्थानीय विकास निर्माणका काममा पनि सक्रिय सहभागिता जनाउने गरेका छौं,' उनले भनिन् ।

गाउँघरमा हुने धारा, पधेँरा, सडक, खानेपानी, विद्युत्, भवन निर्माणका काममा पनि महिलाको विशेष सहभागिता रहने गरेको पचालझरना गाउँपालिका-५ का मनपुरा बमले बताए ।

जााडरक्सी नियन्त्रणमा गाउँका महिला

महिला सामाजिक काम पनि त्यत्तिकै सक्रिय रहेका छन् । जिल्लाको महावै गाउँपालिका-६ गेला गाउँका महिलाले अवैध मदिरा बन्द गर्ने अभियान सञ्चालन गरेका छन् । यहाँका महिलाले गाउँमा मदिराकै कारण घरेलु हिंसा बढेको भन्दै मदिरा रोक्ने अभियान थालेका हुन् ।

मदिराले अर्थिक अवस्था कमजोर हुँदै जाने, सामाजिक मान-प्रतिष्ठामा आँच आउने, घरेलु हिंसाका घटना र सामाजिक विकृति बढ्ने भएकाले यो अभियान थालेको महावै गाउँपालिका-६ गेलाकी स्थानीय जलसा परियार बताउँछिन् । 'मदिराले पैसाका नास गर्नुका साथै सामाजिक विकृति पनि व्यापक हुन थाल्यो,' उनले भनिन्, 'यसलाई रोक्न अभियान थालेका हौं ।'

नरहरिनाथ गाउँपालिका-८ का महिलाले आमा समूह गठन गरेर सामाजिक विकृति फैलाउने जाँडरक्सी नियन्त्रण गर्न अभियान चलाएका छन् । गाउँमा विकृतिविरुद्ध जनचेतना जगाउन आमा समूह गठन गरेर गाउँमा जाँडरक्सी नियन्त्रण गर्ने अभियान थालिएको स्थानीय आमा समूहकी सचिव मनकला विष्टले बताइन् । आमा समूहलाई स्थानीय सरकारले सहयोग गर्ने गरेको बताउँदै सचिव विष्ट भन्छिन्, 'जाँड रक्सी खाएर गाउँमा होहल्ला गरेर जरिवाना गर्ने गरिएको, बनाएर बेच्नेलाई पनि चेतावनी दिने गरिएको छ ।'

महिला एकजुट भएको देख्दा अहिले गाउँका राजनीतिक दल र अन्य समाजसेवीले पनि सहयोग गर्न थालेका स्थानीयवासी रामपुरा भण्डाराले बताए । 'अभियानले समुदायमा मेलमिलाप र एकताको सन्देश दिएको र घरपरिवारमा हुने फजुल खर्च पनि नियन्त्रण भएको छ,' उनले भने, 'यो गाउँमा अहिले कोही पनि जाँडरक्सी खाएर होहल्ला गर्ने र सामाजिक विकृति फैलाउने काम बन्द भएको छ ।'

गाउँघरमा कच्ची अवैध मदिरा उत्पादन गर्नेको पहिचान गरेर पहिला घरेलु मदिरा उत्पादन नगर्न र आग्रह गर्दै अभियान सञ्चालन गरिएको छ भने कसैले मदिरा पिएमा कारबाही गर्नेसम्मको अभियान सुरु गरिएको स्थानीयवासी कमला शाही बताउँछिन् । उनका अनुसार १०० घरधुरीमा अवैध मदिरा उत्पादन हुने गरेको पाइएको थियो । 'पहिले प्रहरी चौकी पाद्मगाडमा महिलाले अवैध मदिरा बन्द गरी पाउँ भनेर उजुरीसमेत दिएको त्यसले नियन्त्रण हुन नसकेपछि अभियान थालेका हौं,' उनले भनिन् ।

गाउँ-गाउँमा अवैध मदिरा नियन्त्रण गर्न महिलाले सक्रिय अभियान थालेका र त्यसमा प्रहरीले सहयोग गर्दै आएको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी निरीक्षक टेकबहादुर जोराले बताए । 'अहिले गाउँका महिला मदिरा नियन्त्रणमा लागेका छन्,' उनले भने, 'प्रहरीले महिलाहरूको अभियानलाई सहयोग गर्दै आएको छ ।' *रासस*

मेलम्चीमा बेलिब्रिज निर्माण गर्न सर्भे

सिन्धुपाल्चोक– मेलम्चीमा बेलिब्रिज निर्माण गर्न सर्भे गरिएको छ । सडक डिभिजन कार्यालय चरिकोटबाट आएको टोलीले पुलको सर्भे गरेको हो ।

मेलम्ची तथा इन्द्रावती जोड्नका लागि ६५ मिटर लम्बाइ र पाँच दशमलव ६० मिटर चौडाइ पुलको बिहीबार सर्भे गरिएको डिभिजन प्रमुख अर्जुन सुवालले जानकारी दिए ।

त्यस्तै फट्टेमा ८७ मिटर लम्बाइ र सात मिटर चौडाइ पुलको पनि सर्भे गरिएको छ । वि.सं. २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा आमनागरिकसमक्ष गरेको वाचा पूरा गर्नका लागि काम सुरु गरिएको बागमती प्रदेशसभा सदस्य कृष्णकुमार तामाङ समिरले बताए । सिन्धुपाल्चोक क्षेत्र नम्बर २ का संघीय सांसद मोहनबहादुर बस्नेतको पहलमा काम सुरु भएको तामाङले जानकारी दिए । बस्नेतले जेठ मसान्तसम्ममा सो स्थानमा बेलिब्रिज निर्माण गरिसक्ने बताएका थिए । पक्की पुल बाढीले बगाएपछि मेलम्ची नगरपालिका, इन्द्रावती गाउँपालिका र पाँचपोखरी थाङ्पाल गाउँपालिकाका नागरिकले सास्ती भोग्दै आइरहेका थिए ।

सो पुल बन्दा मेलम्ची, इन्द्रावती र पाँचपोखरी गाउँपालिकाका नागरिक लाभान्वित हुने छन् । तत्कालका लागि बेलिब्रिजको लागि काम सुरु गर्ने र क्रमिकरूपमा पक्की पुलको काम पनि अगाडि बढ्ने नगरप्रमुख आइतमान तामाङले बताए । फट्टे हुँदै दुवाचौर र तालामाराङबाट भटार दुवाचौर जोड्ने पुलका लागि सर्भे गरिएको हो । *रासस*

पूर्वाधार विकास कार्यालय
मोरङ, विराटनगर

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ–बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इतयादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ–बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सडक तथा सडक पेटीमा आफ्ना निर्माणजन्य सामाग्री, व्यापारिक तथा व्यवसायिक समाग्री नराखौं ।
- सडकपेटी अतिक्रमण नगरौं ।
- सडक तथा सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ सेवन नगरौं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडकपेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडकपेटी किनारामा जथाभावी निर्माण सामाग्री नराखौं ।
- सडकपेटी जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।

Balephi Rural Municipality
Office of the Rural Municipal Executive
Balephi, Sindhupalchok
Bagmati Province, Nepal

Invitation for Sealed Quotation for the procurement of Aushadhi and Aushadhijanya Malsaman

Sealed Quotation No: 01/2079/080
Date of Second Publication: 2079/08/23

1. Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok invites sealed quotations from registered Suppliers for the supply and delivery of **Aushadhi and Aushadhijanya Malsaman.**
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of* Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok *[mailing address:balephi2017@gmail.com and telephone number:01140536] or may visit PPMO website www.bolpatra.gov.np.*
3. *A complete set of Bidding Documents may download for e-submission from PPMO's e-GP system i.e www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electrically, should deposit NRs.1000.00 for the non-refundable cost of bidding document in the following account.*
   Name of the Bank: NIC Asia Bank, Khadichaur, Sindhupalchok.
   Name of Office: Balephi Gaunpalika, Sindhupalchok
   Office Account no.: 194CA50003570007 (Internal Revenue account)
4. *Sealed bids must be submitted PPMO's e-GP system i.e* www.bopatra.gov.np/egp *on or before 12:00 on 2079/9/10. Bids received after this deadline will be rejected.*
5. *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2079/09/10, 1:00 PM at the office of* Balephi Rural Municipality, Office of the Rural Municipal Executive, Balephi, Sindhupalchok.
6. *Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 1,18,000/-, which shall be valid for 30 days beyond the validity period of the bid.*
7. The expiry date of every item of the medicine should be at least 18 months from the date of receipt of the medicine in the Office.
8. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

प्रभाव दैनिक
National Daily

सम्पादकीय

दार्चुला विवादमा सहमति सकारात्मक

दार्चुलास्थित महाकाली नदीको बहाव पुरानै अवस्थामा फर्काउन भारतीय पक्ष तयार हुनु सकारात्मक छ । बुधबार भारतको धार्चुलामा बसेको दुवै देशका प्रमुख सुरक्षा निकायको छलफलमा भारतले निर्माण थालेको ग्याबिन तटबन्ध तत्काल रोकेर महाकाली नदीको बहाव पुरानै अवस्थामा फर्काउने सहमति जुटेको हो । नेपालतर्फ मोडिएको महाकाली नदीलाई पुनः आफ्नै धारमा फर्काइने, विवादित क्षेत्रमा तत्काल काम पनि सुरु नगर्ने सहमति बनेको बताइएको छ ।

सहमतिअनुसार १० दिनभित्र नदीलाई पुरानो स्थानमै फर्काउनुपर्नेछ । नेपालतर्फ सोझिएको नदीको धारबीचमा पार्ने, अत्यावश्यकबाहेकका अस्थायी निर्माण गरेका संरचना तत्काल हटाउने, यसका लागि भारतीय जनशक्ति नै परिचालन गर्ने सहमति भएको छ । भारत यो सहमतिमा आउनुमा सीमा क्षेत्रका स्थानीय नेपालीहरूको विरोध प्रदर्शनले महत्त्वपूर्ण भूमिका खेलेको छ । स्थानीयहरूको उक्त सहासलाई सलाम गर्नैपर्छ । अर्कोतर्फ नेपाल सरकारले भारतलाई कूटनीतिक नोटसमेत पठाएको थियो । यिनै कारणले भारतीय पक्षलाई एकतर्फी गरिरहेको काम रोक्न दबाब पुगेको बुझ्न सकिन्छ ।

तर, भारतले तत्कालका लागि मात्र काम रोक्ने सहमति गरेको देखिन्छ । फेरि उसले कुनै पनि बेला तटबन्ध निर्माण सुरु गर्न सक्छ । त्यसैले भारतीय पक्ष पूरै पछि हटेको हो भन्नेमा ढुक्क हुने स्थिति छैन । स्थानीय प्रशासनका अधिकारीहरूबीच भएको सहमति जुनसुकै बेला उल्लंघन हुनसक्छ । भारतले पटक–पटक यस्तो प्रवृत्ति दोहोऱ्याउँदै आएकोबारे हामी जानकार नै छौं । फेरि पछिल्लो सहमति कुन बेला तोडिने हो, त्यो भर छैन । त्यसैले यसप्रति नेपालले कूटनीतिक रूपमा नै भारतसँग यो विवादको दीर्घकालीन समाधानका लागि पहल गर्न जरुरी छ ।

भारतले नेपाली सीमामा पटक–पटक ज्यादती गर्दै आएको छ, जुन उसको असल छिमेकी नीतिविपरीत व्यवहार हो । पछिल्लोपटक महाकाली नदीमा एकतर्फी अनधिकृत संरचना निर्माण गर्दै भारतले पुनः आफ्नो हेपाह प्रवृत्ति दोहोऱ्याएको छ । दार्चुला सदरमुकाम खलंगा र भारतको धार्चुला जोड्ने झोलुंगे पुलमुनि नै पक्की तटबन्ध बनाउन थालेपछि विवाद उत्पन्न भएको हो । सीमा क्षेत्रमा कुनै पनि संरचना निर्माण गर्दा दुवैतर्फको सहमति अनिवार्य हुन्छ तर भारतले नेपालसँग सहमति नलिई उक्त संरचना निर्माण गरिरहेको थियो । अन्तर ाष्ट्रिय सन्धि, नियमविपरीत भारतले नदीको बहाव परिवर्तन गर्नेगरी तटबन्ध निर्माण गरिएको विषय निकै गम्भीर छ ।

दार्चुलामा मात्रै होइन, भारतले देशका विभिन्न क्षेत्रमा नेपालीमाथि दुःख दिने र कूटनीतिक मर्यादाविपरीत गतिविधि सञ्चालन गर्दै आएको छ । रूपन्देहीमा पर्ने सीमामा भारतले एकलौटी तरिकाले पर्खाल निर्माण गर्न लागेपछि नेपाली प्रशासनले त्यसमा हस्तक्षेप गरेको समाचार मंगलबार आएको थियो । भारतको यस्तो प्रवृत्तिविरुद्ध डटेर सामना गर्नुको विकल्प छैन । अन्तर्राष्ट्रिय सन्धि तथा द्विपक्षीय सम्झौताहरूको पालना गराउन नेपाल सरकारले निरन्तर कूटनीतिक पहल गर्न जरुरी छ । एक सार्वभौम राष्ट्रमाथिको कुनै पनि हस्तक्षेप स्वीकार्य हुन्न । राष्ट्रको भूमि, राष्ट्रियताको रक्षार्थ सबै सधैं एक जुट हुनुपर्छ ।

किराँत समुदायको महान् पर्व चासोक तङ्‌नाम

दिलकुमार लिम्बू

ताप्लेजुङको सिरिजंगा गाउँपालिका-५ मामांखेका सुने लिम्बूको व्यस्तता निकै बढेको छ । उनी येवा तथा फेदाङवा (लिम्बू समुदायको पुजारी) हुन् । किसानहरूले अन्नबाली घर भित्र्याएसँगै धिसोक चासोक (पाकेका अन्नबाट पहिले न्वागी) देवतालाई चढाउनमा लिम्बूको व्यस्तता बढेको हो । किराँत समुदायले खेतीपाती गरेको अन्नबाली घर भित्र्याएपछि अन्नको विभिन्न परिकार बनाएर पहिलोचोटी आफ्नो कूलदेवतालाई चढाउने परम्परा रहिआएको छ । किराँत समुदायले अन्नबाली मंसिर पूर्णिमा अगाडि नै घर भित्र्याइसकेको हुन्छ । फक्ताङलुङ गाउँपालिका-६ का नेत्रप्रसाद लिम्बूले गत साता खेतबारीमा लगाएको अन्नबाली घर भित्र्याइसके । खेतबारीमा पाकेको अन्नबाली घर भित्र्याउन एक महिना लाग्यो ।

कूलदेवतालाई न्वागी चढाउन भने मंसिरको पहिलो सातामा सप्रेका (ठूला-ठूला कोदो बाला) टिपेर चोखो पारी जाँड बनाए । उनले बिहीबार बिजुवा (पुजारी) घर बोलाएर कूलदेवतालाई चढाए । वर्षमा पाकेको कोदोलाई जाँड बनाएर देवतालाई न्वागी चढाउनुलाई लिम्बू समुदायमा थिसोक भनिन्छ ।

नेत्रप्रसाद लिम्बू एक प्रतिनिधि पात्र हुन् । किराँत समुदायका प्रत्येक घरमा एक वर्ष पहिला पाकेको अन्न कुलदेवतालाई चढाएर मात्र आफूलाई अन्नको उपभोग गर्दै आएको मेरिङदेन गाउँपालिका-४ की विमना लिम्बूले बताइन् । मंसिर पूर्णिमाको दिनदेखि पहिला पाकेको बालीको विभिन्न परिकार बनाएर कूलदेवतालाई चढाउने परम्परालाई चासेका तङ्नामको रूपमा लिएको फक्ताङलुङ गाउँपालिका-६ का सन्तकुमार लिम्बूले बताए ।

पर्वहरू सामाजिक सद्भाव र रीतिथिति, संस्कार, संस्कृतिका निरन्तरता हुन् । सबै चाड समय, मौसम परिवर्तन, ऋतु परिवर्तनअनुसार आफ्नै रीतिथितिबाट मान्ने प्रचलन रहिआएको छ । लिम्बू समुदाय बसोबास गर्ने पूर्वी क्षेत्र र हाल आएर विभिन्न क्षेत्रमा बसोबास गर्ने लिम्बू जातिले सामूहिकरूपमा चाडपर्व मान्दै आएका छन् । आफ्नै मौलिक संस्कृति र संस्कार रहेको यो जातिले विभिन्न पेसा र जीवनशैली अपनाउँदै आएका छन् । कृषिमा आधारित जीवनशैली अपनाउने यो जाति प्रकृतिपूजकका रूपमा पनि रहेका छन् ।

लिम्बू समुदायका चाडपर्व कृषिमा आधारित छन् । ऋतु परिवर्तन सँगसँगै खेतीपाती र जीवनयापनमा पर्ने असर र फेरबदलमा लिम्बू चाडपर्वका अर्थ जोडिएको किराँत धर्मगुरु ज्ञानु फुरुम्बो (चरपे) बताउँछन् ।

के हो त चासोक तङ्नाम ?

लिम्बू समुदायले महान् चाडको रूपमा मान्दै आएको चाड हो चासोक तङ्नाम । चासोक तङ्नाम (न्वागी) पूजा उद्यौली याममा बालीनाली भित्र्याउने बेलामा सम्पन्न गरिन्छ । चासोक तङ्नामलाई न्वागी पर्व पनि भनिन्छ । चासोक भन्नाले उब्जाइएको फलाइएको नयाँ अन्नबाली चढाउने पूजा हो भने तङनाम भनेको पर्व (चाड) हो । मुन्धुममा चासोक पूजाको उत्पत्तिका सम्बन्धमा सविस्तार वर्णन पाइन्छ । किराँत याक्थुङ चुम्लुङले वि.सं. २०५९ मा प्रकाशित गरेको किराँत चाड एक परिचय पुस्तकअनुसार कृषियुग सुरु हुनुअघि लिम्बूहरूका आदिम पुर्खा (सावा येत्हाङ)ले कन्दमूल काँचै खाएर जीवनयापन गर्थे । उनीहरू कुपोषण र अनेक रोगब्याधीको सिकार बन्न पुगे । यी समस्या समाधानको विकल्प खोजीमा सर्वशक्तिमान तागेरानिङवाभु माङ (कूल देवता)सँग प्रार्थना गरे ।

यही प्रार्थनाले गर्दा नै उनीहरूले पेना/माङदःक(कोदो), परामा (कोदोसँग उम्रने फल्ने), ताक्मारु (घैँया), तुम्री (जुनेलो) आदि बीउविजन तागेरानिवाभु माङले उपलब्ध गरादिए । यसरी धान र अन्नका बीउविजन पाएपछि लिम्बू जातिको आदिम पूर्खा सावायेहाङका चेली सिबेरा एःक्थुम्माले काठको खन्ती, अंकुसे आदिको प्रयोग गरी भस्मे फाँडेर(घोरीया) बीउविजन रोपी छरी अन्न फलाउन सुरु गरे । यसरी छरपोख गरी उब्जाएर खानुभन्दा अगाडि माङहरू(देवीदेवता) लाई चढाउने प्रचलन बसाले । मनुष्यलाई खेतीपाती सिकाउने देवीका रूपमा येत्हाङका चेला सिबेरा एःक्थुक्मा सिबोरा याभुङगेम्मा हुन् भनी लिम्बू जातिले मान्दछन् । यी नै कथनअनुसार माङ (देवता)हरूलाई अन्नबाली पाकेपछि चढाएर मात्र ग्रहण गर्ने परम्परा रहिआएको मामांखेका लिम्बू समुदायका पुजारी सुने लिम्बूको भनाइ छ । आफूले लगाएको बालीनाली पाकेपछि कूल देवतालाई चढाएपछि खाने र रमाउने चाडको रूपमा चासोक तङ्नाम पर्वलाई लिने गरेका लिम्बूले बताए ।

आफूले उब्जाएको अन्नबाली देवीदेवतालाई नचढाइ खाएमा बौलाउने, रगत छदाउने, कुञ्जे सापे बनाउने, सोला हान्ने, जिउ सुकेर जाने, गाँड निस्कने, आँखा दुखाउने (अन्धो बनाउने), कान दुखाउने (बहिरा बनाउने)जस्ता भयावह रोगव्याधिले दुःख पाइने लिम्बू जातिमा विश्वास रहिआएको पुजारी लिम्बूले बताए । पहाडी क्षेत्रको बारीभरि पैँयू फुलेको छ । पैँयू फुलेको समयलाई किराँत लिम्बूहरूले उधौली याम (दक्षिणायन) सुरु भएको संकेतको रूपमा मान्छन् ।

उधौली सुरु भएपछि माछा, चराचुरुंगी दक्षिणतिर लाग्दछ । खास गरेर जाडो छेक्नलाई यसो गरिएको हो भन्ने गरिन्छ । यही समयमा हिमाली भागमा हिँउ पर्ने भएकाले उच्च पहाडी भाग तथा हिमाली भेगको खर्कतिर लगिएको गाईगोठ पनि तल बस्तीतिर झारिन्छ । यसलाई उधौली झारिएको भन्ने गरिन्छ । यिनै गाईगोठलाई हिउँदभरि खेतबारीमा मलजल गराई पुनः वैशाख महिनामा उकालो लगिन्छ, जसलाई उभौली भन्ने परम्परा रहिआएको लिम्बू समुदायका विज्ञ तथा त्रिभुवन विश्वविद्यालयका प्रा. अमर तुम्याङहाङको भनाइ छ । देवी-देवताको आशीर्वादले फलाएको उब्जाएको अन्नबाली चढाउने पूजालाई चासोक भनेर मान्ने गरेको तुम्याङहाङले बताए ।

सामूहिकरूपमा मनाइन्छ चासोक तङ्नाम

पहिला घर-घरमा चासोक थिसोक (न्वागी) पूजा गरी रमाउने लिम्बूहरूले हाल आएर सामूहिकरूपमा यसलाई महान् उत्सवका रूपमा मान्न थालेको पाइन्छ । यो पर्वमा खुसीयाली साटासाट गर्ने तथा वर्षभरि भेट नभएका आफन्तजन तथा साथीभाइसँग भेटघाटको अवसरका रूपमा लिने गरेका लिम्बू समुदायको भनाइ छ । चासोक तङ्नामको अवसरमा ताप्लेजुङका किराँत याक्थुङ चुम्लुङको आयोजनामा शुभकामना आदान-प्रदान तथा मौलिक गीत-संगीतसहितको सांस्कृतिक कार्यक्रम (यालाङ, केलाङ) धान तथा च्याब्रुङ नाच गरी मनाउँदै गरेको लिम्बू समुदायको साझा संस्था किराँत याक्थुङचुल जिल्ला शाखा ताप्लेजुङका अध्यक्ष इन्दियार मेन्याङबोले बताए ।

उधौली पूजालाई किराँत समुदायले मुख्य पर्वका रूपमा मान्दै आइरहेका छन् । लिम्बू, राई, याक्खा र सुनुवार गरी किराँती चार वंश रहेको मान्याङवोको भनाइ छ । उनका अनुसार किराँतको महान् चाड तथा राष्ट्रिय पर्व लिम्बूहरूले उधौलीलाई चासोक तङ्नामको रूपमा मान्छन् भने अन्य किराँत वंशका शाखामध्ये राईले उधौली साकेला, याक्खाले चासुवा र सुनुवारले फोलष्याँदरको रूपमा मान्दै आएका छन् । नेपाल सरकारले यस राष्ट्रिय चाड चासोक तङ्नाम अर्थात् मंसिर पूर्णिमाका दिन सार्वजनिक बिदा वि.सं. २०५८ देखि दिँदै आएको छ ।

चासोक पूजा तथा पुजिने देवी-देवता

मुख्यतः युमा, थेबा तथा थङदाङबाको पूजा गरिने भएता पनि पूजा प्रार्थनामा बिघ्नबाधा नहोस्, प्रार्थना गरेअनुरूप सफलता प्राप्त होस् भनी चासोक थिसोक पूजा गरिने लिम्बू समुदायका पुजारी सुने लिम्बूको भनाइ छ । पुजारी लिम्बूका अनुसार मिसेक (सम्पन्न गरिन लागेको पूजाकार्य बिघ्नबाधारहित सम्पन्न होस् भनी सर्वप्रथम मिसेक्पा पूजा) कुइकुदाप वा ताक्फेङमा वा ताम्भूङना (गृहस्थी जीवनमा बिघ्नबाधा आइनपरोस् भनी मनाइने सिकारी पूजा), निम्न सिकारी वनदेवता, वनदेवी मान्ने गरिन्छ ।

तक्सङबा (बिघ्नबाधा नाशक सिकारी देवता) सिरिङमा वा मुदेनहाङमा साया मुदेन, तेन्छामा (दक्षिणबाट लिम्बू भूमिमा प्रवेश गरेकी वनदेवी, खञ्जमा वा खजुमा (कहिले उत्तर कहिले दक्षिण घुमी हिँड्ने वनदेवी, वजमा) बिजुवा, येवा, येमा आदि तान्त्रिकहरूले पनि गुरु मानी उनीहरूमा शक्ति गर्ने वनदेवीको पूजा गरिन्छ । काप्पोबा हिम्साम्याङ (घरको रक्षा गर्ने बूढा देवता काशीहाङमा (युमा साम्याङसँग साथ लागेर आएकी उनको सहयोगी देवी), युमा साम्याङ (तागेरानिङवाफुमाङ मातृशक्तिको रूपमा प्रकट भएकी लिम्बूहरूको सर्वोपरी इष्टदेवी) थबा साम्याङ (तागेरानिङवाफुमाङ पितृशक्तिको रूपमा प्रकट भएका लिम्बूहरूका आदि पुरुष देवता अर्थात् अग्रज देवता) थुङदाङबा (अन्नबाली उत्पादनमा घामपानी मिलाइ उब्जाउ गराइदिने, राखनधरन, खानपिन, कलाकौशलसमेत सिकाउने चासोक पूजामा अनिवार्यरूपमा पुजिने इष्टदेवता) सँगसँगै सिवेरा, चखोबालाई पनि पूजा गर्ने गरिन्छ ।

चासोक पूँजाको सामग्री र पूजा विधि

नयाँ अन्न मकै, कोदो, धान आदि पाकेपछि घरको मुली महिलाले चोखो गरी धान र कोदोको बाला टिपी ल्याउँछन् । धानको बालाबाट धान झारेपछि त्यसलाई हाँडीमा भुटी ओखलीमा कुटेर चिउरा बनाइन्छ भने नङले छोडाएको नयाँ धानको अक्षता चामल बनाइन्छ । कोदोको बालालाई हातले माडेर गेडा निकालिन्छ । कोदोको गेडा, मर्चा र पानी मिसाएर पूजाका लागि जाँड साप्तोक बनाइन्छ । नरकट वा मालिंगो वा निगालो आदिको तल्लोपट्टि भुइँमा गाड्न सजिलो हुने गरी चुच्चो पार्ने र माथिपट्टि मुठारेको ढुंग्रो पाँच-छ इञ्च लामो बनाइ त्यसभित्र साप्तोक हाली थिः तोङ्बा बनाइन्छ । तोङ्बा बनाउने वस्तुबाटै सिन्का बनाइ पिचिङ (पाइप) तोङ्बामा हाल्ने र यसलाई केराको पातले छोपी पिछिङले छेडेपछि पूजाको लागि तोङ्बा तयार हुन्छ । वासो फुङ्वेत् (चिण्डो)वा लोहोटा/डबकामा वादुम्पक्वा (चोखो पानी) हाली वासाङ्ना वा लाइक्इक्सो (केराको पातलाई बेरेर बनाएको पानी छर्कने वस्तु) तयार गर्नुपर्छ ।

विभिन्न प्रकारका फलफूल, सुकेको तीतेपाती र धुपीको धुलो धुप, सालधुप, अन्य सुगन्धित धुप, भेटी, चिउरा, अक्षता तयार गर्नुपर्छ । तीनदेखि छ इञ्च गहिरो जमिन खनेर निक्लेको माटोले जमिन सम्याउनुपर्छ । सम्याइएको जमिनमा पूजा गरिने विभिन्न देवीदेवताका लागि सुल्टैसुल्टो पारी केराको दुईसरो पात ओछ्याइ लासो (पूजाथान) बनाइन्छ । लासो थाप्ने तरिका कहीँकहीँ फरक-फरक पनि हुन्छ । युमा साम्माङ र थेबा साम्माङको थानमा भने माथि उल्लिखित सामग्रीका अतिरिक्त थालमाथि फुङसारी (कलश) र दियो जलाई पूजा गर्नुपर्छ ।

चासोक तङ्नामले धार्मिक तथा सामाजिक महत्त्व बोकेको पाइन्छ । वर्ष दिन काम गर्दा, बोल्दा कसैलाई चोट पुगी गाली गर्ने, सराप्ने आदि भए/गरेका गाली नलागोस् भनी बगाइ पठाउने अनुष्ठान गर्ने प्रचलन लिम्बू जातिमा रहिआएको छ । लिम्बू भाषामा यस अनुष्ठानलाई माङहुप वादेम्मा भनिन्छ । यसो गर्नाले श्राप बग्छ भन्ने विश्वास गरिन्छ । यो अनुष्ठान अरु समयमा गर्ने भएता पनि सामूहिक भेला भएको अवसर पारेर चासोक तङ्नाममा गरिँदै आएको पनि पाइन्छ ।

यस्तै चासोककै अवसर पारेर एकराते तङसिङ पनि गर्ने चलन बढ्न थालेको लिम्बू समुदायका पुजारी सुने लिम्बूले बताए । तङसिङ खास गरेर लिम्बू जातिको सृष्टि तथा अन्य मानव सभ्यताका बारेमा मुन्धुमअनुसार साम्बा, बिजुवाबाट मुन्धुम गाएर सम्पन्न गर्ने पुजारीको भनाइ छ । यसलाई धार्मिक महत्त्व मानिन्छ भने सामाजिक महत्त्वमा चासोक तङ्नाममा रिस, इर्ष्या बिर्सेर आत्मीयताका साथ लिम्बू दाजुभाइ, दिदीबहिनी भेटघाट र शुभकामना आदानप्रदान गर्दछन् ।

> उधौली सुरू भएपछि माछा, चराचुरूंगी दक्षिणतिर लाग्दछ । खास गरेर जाडो छेक्नलाई यसो गरिएको हो भन्ने गरिन्छ । यही समयमा हिमाली भागमा हिँउ पर्ने भएकाले उच्च पहाडी भाग तथा हिमाली भेगको खर्कतिर लगिएको गाईगोठ पनि तल बस्तीतिर झारिन्छ । यसलाई उधौली झारिएको भन्ने गरिन्छ । यिनै गाईगोठलाई हिउँदभरि खेतबारीमा मलजल गराई पुनः वैशाख महिनामा उकालो लगिन्छ, जसलाई उभौली भन्ने परम्परा रहिआएको लिम्बू समुदायका विज्ञ तथा त्रिभुवन विश्वविद्यालयका प्रा. अमर तुम्याङहाङको भनाइ छ ।

पाहुना आउने-जाने, मीठो मसिनो विभिन्न खानपिन बनाइ खाने, सुख-दुःख साटासाट गर्दै खुसीयाली मनाउने, चेलीबेटीबाट हुक्वा, चेसुङ ल्याउने, माइत तथा ससुराली जाने अवसरका रूपमा यस पर्व मान्दै आएका छन् । सामूहिकरूपमा भेला भएर केलाङ, यालाङ, नाचेर, पालाम, साँस्कृतिक कार्यक्रम गरेर, साम्लो (गीत) आदि गाएर मनोरञ्जन गर्दछन् । यस्तै परम्परागत खेल पक्लुङ लेप्मा (छेलो हान्ने) खेल खेल्ने गर्दछन् । यस चाडले लिम्बू जातिको पहिचान र साँस्कृतिक गौरव राख्ने काम एकातिर गरेको छ भने अर्कातिर यसले लिम्बू जातिबीच सामाजिक सद्भाव, एकता र पारस्परिक सहयोगको भावना अभिवृद्धि गर्नमा भूमिका निर्वाह गरेको छ । *रासस*

मननयोग्य

चाणक्य नीति

'यो धम्कीले डराउने चन्द्रगुप्त होइन, राजा म आफ्ना न भएको म तपाईलाई राजाज्ञा उल्लंघन र तर्कवितर्क गर्ने अपराध पदच्युत पनि गर्न सक्छ ।'

चाणक्यले क्रोधले उम्लिदै गर्जेर भने- 'जसलाई मैले राजा बनाएँ । मलाई आज पदच्युत गर्ने धम्की दिँदैछ । पदच्युत हुने डर त्यसलाई हुन्छ । जो अधिकारको इच्छा राख्छ । यो लेऊ तिम्रो अधिकार भन्दै अधिकार चिह्न फ्याक्दै तीव्र गतिले दरबारदेखि बाहिर निस्के ।'

उता चाणक्य र चन्द्रगुप्तका बीचको मतभेदको सूचना शत्रुलाई पनि प्राप्त भयो । राक्षस यो अवसरको फाइदा लिन चाहन्थे ।

उनी कुमार मलयकेतुसहित आफ्ना अरू मित्र राजाहरूसँग युद्धको योजना बनाउन लागे यता राक्षस युद्धको योजनामा अलमलिए, उता चाणक्यको एउटा गुप्तचर मलयकेतुको राज्यमा पक्राउ पऱ्यो ।

पकडिनु के थियो, चाणक्यको योजनाअनुसार गुप्तचर आफै बन्दी बनेको थियो । उसलाई मलयकेतुका अगाडि लगियो, आँङ सबै खोतल्दा उसबाट एउटा पत्र पाइयो । पत्रमा राक्षसको हस्ताक्षर र राजमुद्राको छाप लागेको थियो ।

पत्रबमोजिम राक्षसले चन्द्रगुप्तलाई लेखेको थियो- 'तपाईले चाणक्यलाई हटाई प्रशंसनीय काम गर्नुभयो म खुसी छु तपाईले मलाई महामात्य बनाउने प्रस्ताव गर्नुभएकोमा त्यो हर्ष स्वीकार गर्दछु, मलयकेतुलाई हराउन म तपाईलाई सहयोग गर्नेछु । यसका लागि तपाईले मलयकेतुको हत्या गरी पन्चनन्द राज्य ती पांचलाई दनुपर्छ ।

मलयकेतुले पत्र पढे, अविवेकले आफ्नो सन्तुलन हराए। रिसले फुकार्दै भन- ' विश्वासघाती !' मेरो नै राज्य लिन चाहन्छ भन्दै केही नसोची ती पांचको उनको शिविरमा गएर हत्या गरे र राक्षसलाई आफूअगाडि उपस्थित हुने आज्ञा दिए । क्रमशः

यःमरि : पनौतीबाट प्रचलनमा आएको किंवदन्ती

राजकुमार पराजुली

यःमरि पूर्णिमा (थिङ्ला पुन्हि) विशेषतः नेवार समुदायमा प्रख्यात छ । वर्षभरिको १२ पूर्णिमामध्ये मंसिर महिना अर्थात् मार्गशुक्ल पूर्णिमालाई यःमरि पुन्हि भन्ने गरिएको हो ।

धेरै पहिला 'पाञ्चाल देश' भन्ने एउटा ठाउँ थियो जो अहिले काभ्रेपलाञ्चोकको पनौती हो । लिच्छविकालीन ग्रन्थअनुसार ' महासत्व' नाम गरेका एक राजकुमारले जंगलमा भोकाएका बघिनी र केही डमरू देखेपछि आफ्नै शरीरको मासु खुवाएका थिए । उनै राजकुमार महासत्वका कंकाल र लुगा पुरेर उक्त स्थानमा एउटा चैत्य निर्माण गरिएको छ । त्यस स्थानलाई अहिले 'नमोबुद्ध' भनिन्छ । 'पाञ्चाल देश' अर्थात् पनौतीमै महासत्वको जन्म भएको मान्दै प्रत्येक वर्ष भाद्रकृष्ण त्रयोदशीका दिन यहाँ नमोबुद्धको जात्रा पनि लाग्ने गर्दछ ।

लिच्छविकालीन ग्रन्थमा समेटिएको घटनाक्रमअनुसार यःमरि पूर्णिमा (थिङ्ला पुन्हि)को प्रचलन पनौतीबाट सुरुआत भएको मान्दै आइएको स्थानीय वृद्ध बताउँछन् । उतिबेलाको पाञ्चालदेशको महासत्व राजकुमार र सुचन्द्र नाम गरेका महाजनको कथाले यःमरिको प्रचलन पनौतीबाट भएको पुष्टि गर्न सकिने स्थानीय राजाराम कर्माचार्य बताउँछन् । उनी भन्छन्, 'पाञ्चालदेशको महासत्व राजकुमार र सुचन्द्र नाम गरेका महाजनको कथाले यःमरिको प्रचलन सुरुआत पनौतीबाट भएको विश्वास गर्दै आएको हौं ।'

कर्माचार्यका अनुसार पनौतीको इतिहासकै आधारमा नेपालका अन्य स्थानका विशेषगरी नेवारी समुदायले यःमरि पूर्णिमा धुमधामकासाथ मनाउँदै आएका हुन् । अहिले यो पर्वले सबै समुदायलाई मोहित बनाउँदै लगेको पाइन्छ । महासत्वलाई गौतमबुद्धको पूर्वजन्म पनि मानिँदै आइएको छ । ग्रन्थअनुसार तत्कालीन पाञ्चाल देशमा एक सुचन्द्र नाम गरेका महाजन थिए । धर्मात्मा सुचन्द्रले आफ्नो दयालु श्रीमतीसँग जीवन गुजारा गरिरहँदा सन्तान अभावको पीरमा भगवान् विष्णुको प्रार्थना गर्थे ।

मार्गशुक्ल पूर्णिमाको दिन सुचन्द्र दम्पतीले सरसफाइको काम सकेर रोटी (यःमरि) पकाउन लाग्दा भगवान् कुवेरले भेष बदलेर गरिब ब्राह्मणका रूपमा उनीहरूका घर आएर भिक्षा माग्न थाले । सुचन्द्रकी श्रीमतीले एउटा गरिब बूढो ब्राह्मण पिँढीमा बसेर भिक्षा माग्दै गरेको देखेर माया जाग्यो र ब्राह्मण रूपधारी कुवेरलाई आफ्नो घरभित्रै बोलाएर ब्राह्मणले लगाएको पुरानो झुत्रो लुगालाई नयाँ फेरिदिएपछि अन्त ठाउँ जान हतारिएका ब्राह्मणलाई पुनः एकछिन घरमा बस्न अनुरोध गर्दै तातोतातो रोटी यःमरि खान अनुरोध गर्दा श्रद्धापूर्वक आफूलाई भोजन गराएकाले कुबेर प्रसन्न भई आफ्नो असली रूप देखाएर साक्षात् भगवान कुबेर अन्तर्धान भएका थिए ।

त्यसअघि कुबेरले आफ्नो परिचय दिइसकेपछि धानको भकारीमा लक्ष्मी, कुमार, गणेश र आफ्नै प्रतिरूप राखी यःमरिका साथ विधिपूर्वक पूजा गर्न अनुरोध गरेका थिए । कुवेर उनीहरूको घर आएको दिन मंसिर शुक्ल पूर्णिमा थियो । पूजाकै प्रभावले दुई दम्पती सुखपूर्वक रहन थाले ।

दिन, हप्ता, महिना, वर्ष हुँदै यो कुरा सबैतिर फैलिन थाल्यो । त्यसपछि सबैले यःमरि पुन्हिका दिन घर लिपपोत गरेर यःमरि बनाई धानको भकारीमा लक्ष्मी, कुमार, गणेश र कुवेरको प्रतीक राखेर विधिपूर्वक पूजा गर्ने चलन चलाए । त्यो बेलादेखि नेवार समुदायमा घरघरमा यःमरि पकाई खाने चलनको थालनी भएको मानिन्छ । यही दिन पनौतीको धनेश्वरमहादेवमा ठूलो मेला लाग्ने भएकाले मेला भर्न टाढा-टाढाबाट भक्तजन आउने गर्दछन् ।

लिच्छविकालीन ग्रन्थमा उल्लिखित सुचन्द्र महाजनको कथा अंशु बर्मा पालाको बौद्ध ग्रन्थ 'रत्नबदाने बुद्ध वचन'मा पनौतीमा सुचन्द्र महाजन दम्पतीको बसोबास भएको उल्लेख भएको पाइन्छ । कथाका पोख्त स्थानीय पूर्णभक्त कोंगाका अनुसार यःमरिको विषयमा पनौतीबाहेक कुनै ग्रन्थ तथा ऐतिहासिक दस्तावेजमा पाइँदैन । पनौतीबाटै सुरुआत भएको भन्नेबारे पुस्तौंदेखिका स्थानीय वृद्धहरूले बताउँदै आएका छन् । यःमरिको प्रचलनबारे बुझ्ने जो-कोहीले कोंगालाई भेटेपछि विश्वस्त भएका निकै उदाहरण पनि भेटिन्छन् ।

स्थानीय साहित्यकार सूर्यप्रसाद लाकोजूले यःमरिसँग जोडेर पनौतीको कथा प्रकाशित रेका छन् । उनको कथामा यःमरिको बारेमा पाञ्चाल देशसँग जोडेर यसको सुरुआत र प्रचलन विस्तारबारे विस्तृतमा उल्लेख गरेका छन् । उनले पनि पनौतीबाट जन्मेको यःमरि पर्व हाल विस्तार भएर नेपालका कुना-काप्चामा पुगिसकेको बताएका छन् ।

'यमरी' नेपाल भाषाको शब्द हो । 'य' को अर्थ मनपर्ने र 'मरि'को अर्थ रोटी हो । यसरी 'यः मरी' लाई अर्थ्याउँदा यसको शाब्दिक अर्थ 'मन पर्ने रोटी' हुन्छ । प्रायः चाकु र तिल हालेर बनाइने यो रोटी विशेष किसिमको माटोको भाँडा 'पोटासी' मा बफाएर पकाउने गरिन्छ ।

लाकोजूका अनुसार दुईदेखि १२ वर्षसम्मका बालबालिकाको जोर वर्ष परेको जन्मदिनमा (२, ४, ६, ८, १०, १२) बालकको वर्षअनुसारको यमरी राखी माला बनाएर जन्मदिनमा लगाइदिने प्रचलन छ । बाह्र वर्ष नाघेपछि भने यःमरिको माला लगाई जन्मदिन मनाउने चलन छैन । त्यस्तै गर्भवतीलाई बच्चा जन्मनुभन्दा पहिले माइतीका तर्फबाट यःमरिसहित विभिन्न परिकारको भोज खुवाउने चलन पनि हालसम्म चलेको छ । नेवार समुदायमा बूढाबूढीको जङ्को (भीमरथारोहण) गर्दा पनि यःमरि चाहिन्छ । उपत्यकाको रातो मच्छेन्द्रनाथ र सेतो मच्छेन्द्रनाथको रथ तान्नुअघि यःमरि छर्ने प्रचलन अद्यापि कायम छ । यसप्रकार यःमरिको नेपाली संस्कृति र संस्कारमा ठूलो स्थान रहेको देखिन्छ ।

यस दिनमा पनौतीको काठगणेशमा धुमधामसँग जात्रा लाग्ने गर्दछ । पूजाआजासहित खटमा राखिएका गणेशलाई नगर परिक्रमा गरिने यो जात्राको पनि विशेष महत्त्व छ । स्थानीयले बिहान यःमरि पकाइ खानुअघि यःमरी राखेर नगरभित्रका देवीदेवताको पूजा गर्न जाने चलन छ । बेलुका शुद्धगरी छुटचाइ राखेको अमरीका साथ कुमार, गणेश, कुवेर र लक्ष्मीको यसरी पूजा गरेको यमरीलाई चार दिनपछि भक्तिपूर्वक अर्चना गरी प्रसादका रूपमा बाँड्ने प्रचलन पनि छ ।

डा. चन्द्रा बज्राचार्यका अनुसार विशेषगरी नेवार जातिले आफ्नै प्रकारको रोटी अर्थात् यःमरि पकाई खाने गर्दछन् र त्यही विशेष रोटीको नाममा उक्त पूर्णिमाको नाम नै 'यःमरि पुन्हि' रहन गएको हो । यो पूर्णिमा थिङ्ला पुन्हि, मार्ग पूर्णिमा, यःमरि पुन्हि, धान्य पूर्णिमा, गैंडु पूर्णिमा आदि नामबाट पनि प्रचलित छ । दसैंमा पहिले जमरा छरेर उखेलिसकेपछि मात्र धान काट्ने काम सुरु गर्ने र यःमरि पुन्हिसम्ममा धान भित्र्याइसक्नुपर्छ भन्ने धारणा रहँदै आएको छ । *रासस*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

घुँघीको व्यापार | सुनसरीको इनरुवास्थित बिहीबारे हटियामा बिक्रीका लागि राखिएका घुँघी । घुँघी स्थानीय बजारमा ७० रूपैयाँ प्रतिकिलोसम्म बिक्री हुने गरेको छ । *तस्बिरः नवीन गड्तौला/रासस*

विकासको मूल प्रवाहमा छैनन् नरैनापुरवासी

■ युवराज पाण्डे

नेपालगञ्ज– दुर्गम मानिने बाँकेको नरैनापुर गाउँपालिकाका स्थानीय विकासको मूल प्रवाहमा आउन सकेका छैनन् । सडक पूर्वाधार विकास भए पनि यहाँ साक्षरताको अभावले स्थानीय परम्परागत मान्यता र विश्वासका आधारमा जीविकोपार्जन गरिरहेका छन् । कृषि र पशुपालनलाई प्रमुख पेसा बनाएका उनीहरूको आम्दानीको कुनै दरिलो स्रोत छैन ।

खरले निर्माण भएका फुसका घर र बालबालिका धुलाम्मे भएर खेलिरहेको दृश्यले यो स्थानमा सरकार भएको वा नभएको कुनै अनूभूति हुँदैन । स्थानीय सरकार विगतको तुलनामा अहिले विकासले गति लिएको जिकिर गरिरहेको छ ।

नरैनापुर-५ मटहैयाका विनय दीक्षितले अहिले नरैनापुर आउन भारतीय सडकको प्रयोग गर्ने अवस्थाको अन्त्य भएको उल्लेख गर्दै साक्षरताको अभावले यहाँको विकासले गति लिन नसकेको जानकारी दिए । स्थानीय सरकार निर्माण भए पनि प्रभावकारीरूपमा काम गर्न नसकेको गुनासो गर्दै उनले अनुत्पादक ठाउँमा स्थानीय सरकारले बजेट खर्च गरेको आरोप लगाए । दीक्षितले भने, 'धार्मिकस्थलमा बढी बजेट खर्च भएको छ, त्यसले परिणाम दिएको छैन ।' नगदेबालीका रूपमा उखुखेती र फलफूल खेती गरेर पनि स्थानीयवासीले आम्दानीको स्रोत बढाउन सक्ने बताइएको छ ।

उनले औद्योगिक ग्राम निर्माण गर्ने ठाउँमा रंगशाला निर्माण भएको जानकारी दिँदै लगानीअनुसारको प्रतिफल पाउन नसकेको र कृषिमा भएको लगानी खेर गएको बताए । सिँचाइको अभाव हटाउन स्थानीय नहरलाई प्रयोगमा ल्याउन सकिने र त्यसबाट उत्पादनमा वृद्धि गर्न सकिने बताइन्छ । विद्युतीकरण भएपछि मोटर चलाएर गहुँलगायतका खेतीमा सिँचाइ गरे पनि त्यसको प्रभावकारिता देखिएको छैन ।

गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद साहले पाँच वर्षअघिको गाउँपालिका र अहिलेको गाउँपालिकामा भिन्नता आएको उल्लेख गर्दै सडक पूर्वाधारको विकास भएको बताए । उनले भने, 'विद्युतीकरण भएको थिएन, त्यसको व्यवस्थापन गरिएको छ र शिक्षाको विषयलाई प्राथमिकता दिइएको छ ।'

अध्यक्ष साहले बालबालिकाको संख्या बढ्दै गएकाले विद्यालय वा मदरसामा बसेर पढ्ने स्थानको अभाव भएको उल्लेख गर्दै सरकारसँग शिक्षाको विशेष प्याकेज माग गरेको बताए । उक्त गाउँपालिकामा मदरसासहित ४४ विद्यालय छन् । अहिले पनि यहाँको आधारभूत आवश्यकताका लागि भारतीय बजारमा निर्भरता रहेको र कृषिमासमेत परनिर्भरता नघटेको बताइएको छ । स्थानीयको आम्दानी स्रोत बढाउन पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालनका लागि पहल भइरहेको उल्लेख गर्दै अध्यक्ष साहले उद्योग स्थापनाका लागि पनि छलफल भइरहेको बताए ।

उनले नरैनापुरलाई अगैया बजारसँग जोडेपछि गाउँपालिकाको विकास तीव्र हुने जनाउँदै शिक्षा, स्वास्थ्य र सडक निर्माणपछि नरैनापुरका स्थानीय विकासको लयमा फर्कने विश्वास रहेको उल्लेख गरे । नरैनापुर-६ कुदरवेटवाका त्रिभुवनप्रसाद यादवले नरैनापुरको विकास सुस्तगतिमा भइरहेको उल्लेख गर्दै शिक्षा र स्वास्थ्यमा पहुँच बढेको बताए ।

तराईमा भएका स्थानीयवासीको अर्थिक अवस्था कमजोर भएकाले खरले छाएका फुसका घर रहेको औंल्याउँदै उनले सरकारले पनि फुसका घर हटाउने नीतिअनुसार ती घरलाई विस्थापन गरेर टिनले छाएको घर निर्माणमा जोड दिएको बताए । यादव भन्छन्, 'अब सहरी विकासको योजना अघि सारेर मात्रै सहरीकरणलाई बढवा दिन सकिन्छ ।'

यस गाउँपालिकामा मुस्लिम समुदायको बाहुल्यता छ । नेपालगञ्ज बजारबाट करिब ४६ किलोमिटर पूर्व दक्षिणमा पर्ने गाउँपालिका साविकका छ गाविस मिलेर गाउँपालिका भएको थियो । नरैनापुरको उत्तरतर्फ राप्तीसोनारी गाउँपालिका, दक्षिणतर्फ भारतको सिमाना, पश्चिमतर्फ बाँकेको डुडुवा गाउँपालिका र पूर्वतर्फ पनि भारतको सिमाना पर्छ । *रासस*

अस्पताल भवन निर्माण अधुरै

सुर्खेत– पचास शयचा विस्तारसँगै संरचना अभाव भएपछि छ वर्षअघि मेहलकुना अस्पतालको नयाँ भवन निर्माण सुरु गरिएको थियो । तत्कालीन सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय र एनके लोहनी केएसके जेभी निर्माण कम्पनीबीच ठेक्का सम्झौता भएर भवन निर्माण सुरु गरिएको थियो ।

पचास शयचा क्षमतामा स्तरोन्नतिसहित निर्माणाधीन मेहलकुना अस्पतालको भवन निर्माणका लागि निर्माण कम्पनीले ठेक्का लिएको थियो । आव २०७३/७४ मा २८ करोड रूपैयाँ लागत अनुमान गरिए पनि २१ करोड १६ लाख रूपैयाँमा ठेक्का सम्झौता गरिएको थियो । हालसम्म भवनको ६० प्रतिशतमात्रै प्रगति भएको अस्पतालले जनाएको छ ।

अस्पतालका सूचना अधिकारी कमल सुवेदीका अनुसार तत्कालीन सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय र निर्माण कम्पनीबीच ठेक्का सम्झौता भएको अस्पतालको भवन निर्माण कार्य भने अधुरो अवस्थामै छ । आव २०७६/७७ मा भवन निर्माण सक्ने लक्ष्य लिइएको भए पनि अझै काम बाँकी नै छ ।

गुर्भाकोट नगरपालिकास्थित मेहलकुनामा निर्माणाधीन अस्पताल भवनमा पाँच ब्लक छन् । समयमै निर्माण कार्य नसकिएर योजना अलपत्र परेपछि अहिले चौतर्फी आलोचना र गुनासो बढेको छ । समयमै निर्माण नसकिँदा सेवा प्रवाहमै समस्या भइरहेको अस्पताल व्यवस्थापन समितिका सदस्य वृखबहादुर नेपालीले बताए ।

उनले पटक-पटक ताकेता र समन्वय गर्दासमेत निर्माण व्यवसायी काममा नफर्किएपछि भवन निर्माण कार्य अलपत्र परेको बताए । सदस्य नेपालीले भने, 'ठेकेदारले पर्याप्त मात्रामा मजदुर परिचालन गर्न र निर्माण सामग्री जुटाउन नसक्दा भवन निर्माणमा ढिलाइ भएको छ, करोडौंको योजनामा झारा टार्ने शैलीमा काम गरेका छन् ।'

पचास शयचा क्षमता भए पनि २२ शयचाको अस्थायी संरचना र पूर्वाधारबाट सेवा दिन बाध्य भएको सदस्य नेपालीले बताए । सरकारले मेहलकुना अस्पताललाई १५ जेठ २०७३ मा १५ शयचाबाट ५० शयचामा विस्तार गरेको थियो ।

लामो समयदेखि निर्माण हुन नसकेको अस्पताल भवनको यसै आर्थिक वर्षमा निर्माणकार्य सम्पन्न नभएमा ठेक्का सम्झौता तोड्नका लागि प्रक्रिया अगाडि बढ्ने सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन एकाइका प्रमुख अमरबहादुर थापाले बताए । तोकेको काम पूरा नभए निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने र धरौटी जफत गरी क्षतिपूर्तिसमेत भराउने गरी कारबाही प्रक्रिया अघि बढ्ने प्रमुख थापाले बताए । *रासस*

दुर्घटनामा जर्मन नागरिकको मृत्यु

चितवन (प्रस)– इच्छाकामना गाउँपालिका-३ फिस्लिङमा पिकअप गाडीले मोटरसाइकललाई ठक्कर दिँदा जर्मन नागरिकको मृत्यु भएको छ । उक्त दुर्घटनामा परी अर्को एक विदेशी नागरिकसहित दुई घाइते भएका छन् । बिहीबार बिहान १० :१५ बजे फिस्लिङस्थित पृथ्वी राजमार्गमा दुर्घटना भएको हो ।

मृत्यु हुनेमा जर्मन नागरिक ६० वर्षीय मिचेल मेयर ओलवर्षलेबेन रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको हो ।

नारायणगढबाट काठमाडौं जाँदै गरेको ना ४१ प ५४८ नम्बरको मोटरसाइकललाई धादिङबाट मुग्लिनतर्फ आउँदै गरेको गरेको बागमती प्रदेश ०३-००१ च १६८२ नम्बरको पिकअप गाडीले ठक्कर दिएको हो । ठक्कर खाएका दुवै सवारीसाधन सडकबाट ५० मिटर तल खसेका छन् । कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार मोटरसाइकलमा सवार एक विदेशी नागरिक र पिकअप गाडीमा सवार एक जना घाइते भएका छन् । मोटरसाइकल चालक जर्मनी नागरिकको मृत्यु भएको हो भने पछाडि सवार विदेशी महिलाको अवस्था मध्यम रहेको छ ।

पिकअप गाडीमा सवार तीन जनामध्ये धादिङको गल्छी गाउँपालिका-५ बस्ने ७३ वर्षीय वीरबहादुर तामाङ घाइते छन् । घाइते दुवैको चितवन मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ । पिकअप गाडी चालक र सहचालक प्रहरीको नियन्त्रणमा रहेको कार्यालयले जनाएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
सत्राही, मलगंवा

३५ दिने सार्वजनिक सूचना

जि.स., साविक गा.वि.स. गंगापुर सितापुर वडा नं. ८ हाल बरहथप न.पा. वडा नं. ७ मा बस्ने टेक श्रेष्ठ लाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.स. साविक गा.वि.स. बरहथवा वडा नं. ८ हाल बरहथवा न.पा. वडा नं. ७ मा बस्ने हेमन्ती देवीको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स. गंगपुरसितापुर वडा नं. ९क कि.नं. १४२९ को क्षेत्रफल ०-२-१९ ऐ.ऐ. कि.न. १९७४ को क्षेत्रफल ०-२-१० भएको जग्गाको मोही महलमा टेक कुमार श्रेष्ठ को नाम रहेकोमा भगुवा मोही लगत कट्टा गरि पाँउ भन्ने निवेदनमा यस कार्यालयबाट जारी भएको हक दावी सम्बन्धी सूचना मिति २०७२/०८/१९ गतेको आदेशानुसार यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी अगुवा मोही लगत कट्टा तर्फको कार्यवाही कानुन बमोजिम गराईन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AROOS DAMASCUS GOLDEN RESTAURANT

पूर्व स्वीकृति मिति : २०७९/०८/२१ LT. No. 277324 चलानी नं.६०१९२९१५

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव KD	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Assistant Cook	5	0	125	५३,६४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2	Cleaner (Indoor)	7	0	85	३६,४७५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पौष १ गते (16th Dec. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाताले दिने

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं.१, धनकुटा

छथर जोरपाटी गाउँपालिकाद्वारा जनहितमा जानकारीमूलक सन्देश

● जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । ● बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । ● विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं । ● खानेपानीका मुहानहरु सदैव सफा राखौं । ● जथाभावी फोहोर नफालौं । ● शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । ● चर्पीमा मात्र दिसापिसाव गरौं । ● सफासँग हात धोएर खाना खाने गरौं । ● झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । ● घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । ● सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । ● विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । ● जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । ● व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । ● समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं । ● यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । ● गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । ● राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । ● कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । ● घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं । ● गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं ।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने । १६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

प्रभाव दैनिक

लण्डनको रेड कार्पेटमा संयुक्ताको डिजाइन

सस्टेनेबल फेसन डिजाइनरको रूपमा परिचित संयुक्ताले यस वर्षको फेसन अवार्डको लागि रोयल अल्बर्ट हलमा आफ्नो भेगन ब्ल्याक कचर पोशाक लगाएर रातो कार्पेटमा सबैलाई चकित पारिन् । सोमबार लण्डनमा आयोजित उक्त रेड कार्पेटमा विश्वभरका सेलिब्रेटीहरूले भाग लिएका थिए । ब्रिटिस फेसन अवार्ड्स एउटा यस्तो स्थान हो जहाँ फेसनको उत्सव मनाइन्छ । यतिबेला ब्रान्ड, सृजनशीलता, डिजाइनर, कलाकार र टेस्टमेकर एउटै स्थानमा आउँछन् र यस उद्योगका लागि उत्सव मनाउँछन् ।



शुक्रबार, २३ मंसिर २०७९ (Friday, December 9, 2022)

पाँच वर्षपछि गुञ्जियो एक्सिस

प्रभाव संवाददाता

काठमाडौं– रक व्याण्ड एक्सिस पाँच वर्षपछि काठमाडौंमा गुञ्जिएको छ । नेपालमा केही समयअघि सम्पन्न संघीय तथा प्रदेशसभाको निर्वाचन र कतारमा जारी विश्वकप फूटबलको माहोलबीच एक्सिसले ठमेलस्थित क्लबफरेनहाइटमा दर्शकलाई सांगीतिक वातावरणमा झुमायो ।

आफ्नो प्रिय व्याण्डको गीत सुन्न दर्शकको हाउसफूल उपस्थिति थियो । पीभीइ नेटवर्कको प्रस्तुति तथा यतिब्लोण्डेको सहकार्यमा आयोजना गरिएको कन्सर्टको शुभारम्भ झिल्के एण्ड द कम्पनीले गरेको थियो । झिल्के एण्ड द कम्पनीले आफ्नो नयाँ तथा पुराना गीत प्रस्तुत गरिरहँदा दर्शक सांगीतिक माहोलमा रमाइसकेका थिए ।

झिल्के एण्ड द कम्पनीको प्रस्तुतिपछि स्टेजमा देखिएको एक्सिसले दर्शकलाई नचाएन मात्र आफ्नो गीतमा उसले 'वान्स मोर' उत्तिकै पायो । एक्सिसको कन्सर्ट हेर्नकै लागि टिकट सोल्ड आउट भएको थियो । एक्सिस स्टेजमा आउनुअघि दर्शकले व्याण्डको नाम लिएर हुटिङ गरेका थिए ।

व्याण्डका प्रमुख गायक सन्दिप विश्वकर्माले 'तिमी फेरी आउन' बोलको गीतबाट आफ्नो प्रस्तुती सुरु गरेका थिए । यो गीत सुन्दा दर्शक नोस्टाल्जिकसँगै सांगीतिक माहौलमा झुम्न तयार भइसकेका थिए । व्याण्डले 'सात समुन्द्र', 'मुस्कान', 'एक चोटी', 'हे मोरी', 'अधुरो प्रेम'लगायतका चर्चित गीत सुनाएको थियो । केही दिन अघि सार्वजनिक नयाँ गीत 'च्याङ्बा'लाई व्याण्डले छुटाएन ।

व्याण्डले गीत सुनाइरहँदा दर्शकहरू पनि त्यही गीत गाइरहेका थिए । व्याण्डले १२ गीतमार्फत दर्शक झुमाएको थियो ।

व्याण्डले आगामी महिना नयाँ गीत ल्याउने तयारी गरिरहेको छ । यसबाहेक सन् २०२३ मा नेपालसँगै विश्व भ्रमण गर्ने योजना पनि बनाएको छ ।

विश्व अनलाइन स्ट्रिम प्लेटफमको रेङ्किङ अनुसार नेपालभरीको बेण्ड क्याटेगोरीमा नेपथ्य, १९७४ एडी, अल्बट्रस र द एज भन्दा पहिलो स्थानमा एक्सिस रहेको छ ।

व्याण्डले हालसम्म 'ब्ल्याक एण्ड ह्वाइट(२००३)', 'माफ गरि देउ (२००९)' र 'घर गाउँ(२०१७)' तीन एलबम बजारमा ल्याइसकेको छ । व्याण्डमा सन्दिपसहित लिड गितारमा बिर्जु कर्माचार्य, गितारमा विक्रम मानन्धर, बेस गिटारमा सजिन महर्जन र ड्रममा कविन शाक्य छन् ।

'म कमरेड' ढाका फिल्म फेस्टिबलमा

सुर्खेत (प्रस)– सुर्खेतका विभिन्न ठाउँमा छायांकन गरिएको 'म कमरेड' लघु फिल्म 'ढाका अन्तराष्ट्रिय फिल्म फेष्टिभल' मा छनोट भएको छ । निर्देशक निर्मल पौडेलद्वारा निर्देशित उक्त लघु फिल्म विशेषगरि जनयुद्धसँग सम्बन्धीत रहेको छ । फिल्मको लेखन पनि पौडेलले नै गरेका हुन् ।

१० वर्षे जनयुद्धमा होमिएका एक पूर्व लडाकुको खाडीमा मुत्यू भइसकेपछिको अवस्था फिल्ममा समेटिएको छ । करिब १४ मिनेटको उक्त फिल्ममा मुख्य कलाकारको रूपमा सुरबिना कार्की, वरिष्ठ कलाकार प्रेम देव गिरी लगायत रहेका छन् । कोरोनाका कारण गरिएको लकडाउनको समयमा उक्त फिल्म छायांकन गरिएको थियो ।

सुर्खेतका बराहताल, चेपाङ गाउँ छायांकन गरिएको पौडेल बताउँछन् । उनले भने,' आफ्नै अगाडि देखेको, भोगेको घटना भएकाले त्यसलाई थिममा प्रयोग गरेर सर्ट फिल्म बनाउने मन थियो, सोही अनुसार उक्त फिल्म निर्माण गरिएको हो ।'

एउटा आम मानिस जो कमरेड भएर जनयुद्धमा सहभागी हुन्छ र देशमा गणतन्त्र आएपछि आफ्नो परिवारको मजबुरीको लागि खाडी मुलुक श्रम गर्न जान्छ । एउटा टाईम एण्ड फ्रेमको यात्राको कथा हो,' उनले भने । १४ मिनेटको फिल्ममा छोरा गुमाइसकेका बुवा, पति गुमाएकी पत्नीको शोक, पीडाको भाव समेटिएको छ । कथा कफिनमा फर्किएका छोराको शवलाई अँध्यारो रातमा घर लिएर जाँदै गरेको दृश्यबाट सुरु हुन्छ ।

२० औं किम्फ सुरु



प्रभाव संवाददाता

काठमाडौं– २० औं काठमाडौं इन्टर नेसनल माउन्टेन फिल्म फेस्टिभल (किम्फ) बिहिबारदेखि सुरु भएको छ । राष्ट्रिय सभागृह (सिटी हल) र नेपाल पर्यटन बोर्ड (एनटिबी) मा सुरु भएको फेष्टिभलको एक कार्यक्रमका बीच बलिउड अभिनेता तथा निर्देशक प्रकाश झाले शुभारम्भ गरे । कार्यक्रममा झाले काठमाडौंलाई सांस्कृतिक शहर बनाउनुपर्ने धारणा राखेका थिए ।

कमलकुमार र विद्या चापागाईं निर्देशित फिल्म 'बाघको बंगारा' देखाउँदै किम्फ सुरु गरिएको हो । फिल्मले जाजरकोट जिल्ला कर्णाली प्रदेशको हनी हन्टरको साहसिक कथा व्यक्त गरेको छ । योसँगै सम्राट खनाल निर्देशित ३३ मिनेट लामो डकुमेन्ट्री 'थ्रू द सिंगिङ भिलेज'को पनि प्रिमियर भएको थियो ।

महोत्सवमा विशेष वक्ताको रूपमा बलिउड अभिनेता तथा निर्देशक प्रकाश झा रहनेछन् । उनी अभिनीत फिल्म 'मट्टो की साइकिल' आजै प्रदर्शन हुँदैछ । हिमाल एसोसिएसनको आयोजना र काठमाडौं महानगरपालिकाको सह-अयोजनमा सुरु भएको फेष्टिभल अगामी २६ गतेसम्म चल्नेछ । फेस्टिभलमा यसपटक ३० मुलुकका ६० वटाभन्दा बढी फिल्म प्रदर्शन गरिनेछ ।

सन् २००० देखि सुरु भएको किम्फ महोत्सवमा पर्वत, त्यहाँका बासिन्दा, संस्कृति र वातावरणमाथि बनेका फिल्म प्रदर्शन गरिन्छन् । कोभिड महामारीको कारण किम्फका अठारौं र उन्नाइसौं संस्करण भर्चुअल माध्यममार्फत भएको थियो । महोत्सवमा डकुमेन्ट्री, फिक्सन, सर्ट फिल्म, एनिमेसन र प्रयोगात्मक फिल्म देखाइनेछन् । यस वर्ष किम्फको मूल नारा दिगो आरोहण रहेको छ ।

महोत्सवमा अन्तर्राष्ट्रियतर्फ प्रथम, दोस्रो र तेस्रो हुने फिल्मले क्रमशः दुई लाख, एकलाख पचास हजार र एक लाख रूपैयाँ पुरस्कारस्वरूप पाउनेछन् भने नेपाली पानोरामा अन्तर्गत फिक्सन र डकुमेन्ट्री विधामा उत्कृष्ट ठहरिएका फिल्मलाई एक लाख र ७५ हजार नगद पुरस्कार दिइनेछ ।

इसिमोड सदस्य मुलुकबाट छानिएको उत्कृष्ट फिल्मले 'बेस्ट इसिमोड माउण्टेन फिल्म अवार्ड' सहित एक हजार अमेरिकी डलर पाउनेछ । त्यसैगरी महोत्सवमा अत्यधिक दर्शकको मत पाउने फिल्मले 'किम्फ अडियन्स अवार्ड' मार्फत पचास हजार पाउनेछ ।

यो वर्ष किम्फको जुरीमा जर्मन लेखक/निर्देशक/निर्माता माइकल पज, दिग्गज नेपाली एनिमेसन फिल्म निर्देशक/निर्माता तथा इनससेन्ट रेन स्टुडियोको संस्थापक तथा सहायक कार्यकारी प्रमुख किरणभक्त जोशी र कोरियाको उल्जु माउन्टेन फिल्म फेस्टिभलका कार्यक्रम निर्देशक जिन्ना ली छन् ।

चलचित्रकर्मी, चलचित्रप्रेमी दर्शक, समीक्षक, पत्रकार, कलाकार र पर्वतारोहीको उपस्थितिमा हुने उक्त महोत्सवमा फिल्म सम्बन्धी गोष्ठी, प्रवचन तथा छलफल र फोटो प्रदर्शनी कार्यक्रमहरू राखिएका छन् ।

रंगशाला

आइसिसी विश्वकप लिग २

स्कटल्याण्डसँग पनि हाऱ्यो नेपाल

प्रभाव संवाददाता

काठमाडौं– आइसिसी विश्वकप लिग टूको त्रिदेशीय सिरिज अन्तर्गतको एकदिवसीयमा स्कटल्याण्डले नेपाललाई पराजित गरेको छ ।

नामिबियाको युनाईटेड क्रिकेट क्लब ग्राउण्डमा बिहीबार भएको खेलमा नेपाल ८ विकेटले पराजित भएको हो ।

नेपालले दिएको १ सय २० रनको लक्ष्य स्कटल्याण्डले २ विकेट गुमाएर १६ ओभर ५ बलमा पूरा गऱ्यो । स्कटल्याण्डको जितमा क्रस्टोफर म्याकब्रिडिले अविजित ४६ तथा जर्ज मुन्सिले ४५ रन बनाए ।

कायल कोट्जरले १६ रन बनाउँदा कप्तान रिचि बेरिङ्टन १२ रनमा अविजित रहे । नेपालका लागि गुलसन झा र दीपेन्द्र सिंह ऐरीले समान १/१ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले ३५ ओभर ३ बलमा अलआउट हुँदै १ सय १९ रन बनायो ।

नेपालका लागि कप्तान रोहित पौडेल सर्वाधिक ४७ रन बनाए । सोमपाल कामीले १६ तथा दीपेन्द्रसिंह ऐरीले १४ रन बनाए । ललित नारायण राजवंशीले ११ रन जोड्दा अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । स्कटल्याण्डका मार्क वाट,ब्राण्डन म्याकमुलेन र सफियान सरिफले समान २/२ विकेट लिए । क्रिस्टोफर म्याकब्रिड,क्रिस सोल र क्रिस ग्रेभिसले समान १/१ विकेट लिए ।

७ टोली सहभागी विश्वकप लिग टू मा जितसँगै स्कटल्याण्डको ३२ खेलमा ४६ अंकका साथ पहिलो स्थानमा रहेको छ ।

नेपाल भने २४ खेलमा १८ अंक सहित छैठौं स्थानमा रहेको छ । यस हारसँगै नेपालको शीर्ष तीनमा रहेर विश्वकप छनोटमा पुग्ने सम्भावना लगभग समाप्त भएको छ । शीर्ष पाँचमा रहेर एक दिवसीय मान्यता कायम राख्न पनि अबका बाकी रहेका १२ खेलमा कम्तीमा ९ खेलमा जित आवश्यक रहेको छ ।

एसिया रग्बीका अध्यक्ष धलाइ नेपालमा

काठमाडौं (प्रस)– एसिया रग्बीका अध्यक्ष कायस अल धलाइ बिहीबार नेपाल आएका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शनिबारदेखि हुने यू-१८ एसियाली रग्बी सेभेन्स च्याम्पियनसिपका लागि धलाइ नेपाल आएका हुन् । दुईदिने प्रतियोगिता एसिया रग्बीको आयोजना तथा नेपाल रग्बी संघको व्यवस्थापनमा हुन गइरहेको छ । नेपाली रग्बीको इतिहासमा पहिलो पटक नेपालमा अन्तर्राष्ट्रिय रग्बी हुन लागेको हो ।

एसिया रग्बीका सदस्य समेत रहेका राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल रग्बी संघका कार्यवाहक अध्यक्ष दिपक देवकोटा, महासचिव चेतनराज गिरी, सचिव एवं प्रवक्ता गोविन्द घिमिरेलगायतले अध्यक्ष धलाईलाई त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा स्वागत गरे ।

सो अवसरमा अध्यक्ष धलाइले यू-१८ रग्बीको अन्तर्राष्ट्रिय प्रतियोगिता नेपालले सञ्चालन गर्न लागेकोमा धन्यवाद दिदै प्रतियोगिता सफल हुने विश्वास ब्यक्त गरे । उनले नेपाल एसिया रग्बीको सक्रिय संघ मध्ये एक भएको बताउदै नेपाल लुम्बिनी, सगरमाथाको देश भएको हुँदा आउदा दिनमा पनि नेपालले अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गर्ने अवसर प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गरे ।

क्वाटरफाइनलका आज दुई खेल हुँदै

काठमाडौं (प्रस)– कतारमा जारी विश्वकप-२०२२को क्वाटरफाइनलका खेलहरू आज (शुक्रबार) बाट सुरु हुँदैछ ।

सेमिफाइनल प्रवेशका क्वाटरफाइनलको पहिलो खेलमा ब्राजिल र क्रोएसिया भिड्ने भएका छन् । नेपाली समयअनुसार पहिलो खेल राती पौने ९ बजे सुरु हुनेछ । त्यस्तै दोस्रो खेलमा नेदरल्याण्ड र अर्जेन्टिना भिड्ने भएका छन् । क्वाटरफाइनल प्रवेशका लागि क्रोएसियाले जापान र ब्राजिलले दक्षिण कोरियालाई पराजित गरेका थिए । त्यस्तै नेदरल्याण्डले अमेरिका र अर्जेन्टिनाले अस्ट्रेलियालाई पराजित गरेका थिए ।

आजको खेलमा जित हात पार्ने टिम अन्तिम चारमा प्रवेश गर्नेछन् ।

कतार विश्वकप-२०२२

आजका खेल

ब्राजिल–क्रोएसिया

(राति ८:४५ बजे)

अर्जेन्टिना–नेदरल्याण्ड

(राति १२:४५ बजे)

बाँस्कोटालाई खेलकुद संघको सम्मान

प्रभाव संवाददाता

काठमाडौं– वरिष्ठ चिकित्सक प्रा.डा. अशोक बाँस्कोटालाई अखिल नेपाल खेलकुद संघले सम्मान गरेको छ । अपाङ्गता भएका व्यक्तिहरूको ३१औं अन्तर र्ष्ट्रिय दिवसका अवसरमा काभ्रेको बनेपामा आयोजित कार्यक्रममा अखिल नेपाल खेलकुद संघका अध्यक्ष अर्जुनबहादुर केसी र पूर्व युवा तथा खेलकुदमन्त्री दलजित श्रीपालीले वरिष्ठ अर्थोपेडिक चिकित्सक प्रा.डा. बाँस्कोटालाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरेका हुन् ।

अखिल नेपाल खेलकुद संघका अध्यक्ष केसीले अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रमार्फत अपाङ्गता भएका गरिब तथा असहाय बालबालिकाको उपचारमा पुऱ्याएको योगदान र हालै 'टिकेएस' अन्तर्राष्ट्रिय अवार्ड जित्न सफल भएकोमा वरिष्ठ चिकित्सक बाँस्कोटालाई सम्मान गरेको बताए । पूर्व युवा तथा खेलकुदमन्त्री श्रीपालीले अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्रमार्फत बाँस्कोटाले हजारौं बालबालिकालाई नयाँ जीवन दिएर राज्यले गर्नुपर्ने काम गर्दै आएको बताए ।

वरिष्ठ चिकित्सक बाँस्कोटाले घुम्ती शिविरमार्फत देशका दूरदराजका अपाङ्गता भएका बालबालिकाको खोजी गरी केन्द्रमा ल्याएर उपचार गर्दै आएको बताए । उनले आफूले पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरेकोमा अखिल नेपाल खेलकुद संघलाई धन्यवाद दिए । बाँस्कोटाले यसअघि पनि विभिन्न अन्तरीष्ट्रिय अवार्ड पाएका छन् । उनले सन् २०१३ मा बेलायतको 'स्टार्स फाउन्डेसन अवार्ड', सन् २०१६ मा अमेरिकाको 'वर्ल्ड अफ चिल्ड्रेन अल्मुमिनी अवार्ड' र सन् २०२१ मा अमेरिकाकै 'वर्ल्ड अफ चिल्ड्रेन अवार्ड' पाएका छन् ।

गुजरातमा भाजपाको १५२ स्थानमा अग्रता

हिमाञ्चलमा भाजपा र कांग्रेसबीच कडा प्रतिस्पर्धा

गान्धीनगर (गुजरात)- भारतीय जनता पार्टी (भाजपा)ले पछिल्लो गुजरात विधानसभाका लागि भएको निर्वाचनको प्रारम्भिक मतगणनाअनुसार १५२ सिटमा अग्रता लिइरहेको छ।

भाजपाको यस पहिले सन् २००२ मा १२७ सिटको आफ्नै रेकर्ड तोड्ने देखिएको छ । भाजपाले गुजरातमा सन् १९८५ मा माधव सिंह सोलंकीको नेतृत्वमा भारतीय राष्ट्रिय कांग्रेस (कांग्रेस-आई) सरकारले विधानसभामा हासिल गरेको १४७ को उच्च चुनावी रेकर्डलाई पनि तोड्ने देखिएको छ । यसअघि सार्वजनिक गरिएको सर्वेक्षणमा भाजपा राज्यमा सातौंपटक भारी बहुमतका साथ सत्तामा आउने अनुमान गरिएको थियो ।

गुजरात विधानसभा चुनावको मतगणना बिहीबार बिहान ८ बजेदेखि सुरु भएको छ । गुजरातका ३३ जिल्लाका ३७ मतदान केन्द्रमा मतगणना सुरु भएको छ । गुजरातका मुख्य निर्वाचन अधिकृत पी भारतीका अनुसार मतगणनाका लागि १८२ पर्यवेक्षक, १८२ निर्वाचन अधिकृत र ४९४ सहायक निर्वाचन अधिकृत सेवामा खटिएका छन् । मतगणनाका लागि थप ७८ जना सहायक निर्वाचन अधिकृत रहेका छन् ।

गुजरातमा विधानसभा चुनाव क्रमशः डिसेम्बर १ र ५ मा दुई चरणमा सम्पन्न भएको थियो । गुजरात निर्वाचनको दोस्रो चरणको अन्त्यसम्ममा गुजरातमा अनुमानित ५९.११ प्रतिशत मतदान भएको थियो। डिसेम्बर १ मा भएको पहिलो चरणको मतदानमा गुजरातमा ६३.१४ प्रतिशत मतदान भएको थियो ।

गुजरातमा २७ वर्षदेखि भाजपा सत्तामा छ र प्रधानमन्त्री नरेन्द्र मोदी प्रधानमन्त्री बन्नुअघि सबैभन्दा लामो समयसम्म मुख्यमन्त्रीको पदमा रहेर काम गरेका थिए । सन् २०१७ को विधानसभा चुनावमा कांग्रेसले सत्तारुढ भाजपालाई कडा टक्कर दिएको थियो ।

यसैबीच, भाजपा र भारतीय राष्ट्रिय कांग्रेस (कांग्रेस-आई) बीचको कडा प्रतिस्पर्धामा हिमाचल प्रदेशमा दुवैले समान ३२ सिटमा अग्रता लिएको देखिएको छ । राज्यका ६८ विधानसभा सिटका लागि नोभेम्बर १२ मा चुनाव भएको थियो र करिब ७५.६ प्रतिशत मतदान भएको थियो ।

भाजपाका मुख्यमन्त्री जयराम ठाकुर आफ्नो निर्वाचन क्षेत्र सेराजबाट करिब १५ हजार मतका साथ अग्रस्थानमा रहेका छन् । उनले १४ हजार ९२१ मतका साथ अग्रता कायम गर्दा कांग्रेसका उम्मेदवार चेतराम चार हजार ३५१ मतले पछि परेका छन् । सिमला ग्रामीणबाट कांग्रेस उम्मेदवार तथा पूर्वमुख्यमन्त्री स्वर्गीय वीरभद्र सिंहका छोरा विक्रमादित्य सिंह कुल सात हजार २३३ मतका साथ अगाडि रहेका छन् ।

हिमाञ्चल प्रदेश विधानसभा निर्वाचनको मतगणना बिहीबार बिहान ८ बजेदेखि सुरु भएको हो । हिमाञ्चल प्रदेशका ५९ स्थानमा ६८ वटा मतगणना कक्ष रहेका छन् । भाजपाले लगातार दोस्रो कार्यकालका लागि सत्तामा फर्कने प्रयास गरिरहेको र कांग्रेसले आफ्नो घोषणापत्रमा उल्लिखित '१० सुनिश्चितता'लाई समर्थन गरेपछि पहाडी राज्यमा तीव्र अभियान चलेको थियो । राज्यको तेस्रो ठूलो राजनीतिक शक्तिको रूपमा आम आदमी पार्टीको उदयले चुनावी लडाइँलाई तीव्र बनाएको छ ।

यी तीन दलबाहेक बहुजन समाज पार्टी (बसपा), भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी), भारतीय कम्युनिस्ट पार्टी (भाकपा) र राष्ट्रिय देवभूमि पार्टी (आरडिपी) पनि चुनावी मैदानमा छन्।

विगत केही वर्षदेखि सरकार परिवर्तन गर्ने परम्परा रहेको यस राज्यमा मतगणना जारी रहँदा भाजपा र कांग्रेस दुवैले विजय हासिल गरेको दाबी गर्दै आएका छन् । यदि भाजपाले जित्यो भने उसले सत्ताविरोधी लहरलाई परास्त गर्नेछ र राज्यमा वैकल्पिक सरकारको प्रवृत्तिमा परिवर्तन ल्याउनेछ । यहाँ सन् २०१७ को विधानसभा निर्वाचनमा भाजपाले ४४ सिट जितेको थियो भने कांग्रेसले २१ सिट जितेको थियो । *रासस/एएनआई*

युक्रेनसँगको लडाइँमा सोचेभन्दा बढी समय लागेको पुटिनको स्वीकारोक्ति

किभ, युक्रेन- रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आफ्नो 'विशेष सैन्य अभियान'मा अपेक्षा गरिएभन्दा बढी समय लागेको स्वीकार गर्दै नयाँ भू-भाग कब्जा गर्न सफल भएको र आफ्नो देशको आणविक हतियारले द्वन्द्व बढ्नबाट रोकेको बताएका छन् ।

'निःसन्देह, यो एक लामो प्रक्रिया हुन सक्छ,' पुटिनले भने । फेब्रुअरी २४ मा रूसको आक्रमणबाट सुरु भएको नौ महिनाभन्दा लामो युद्धले लाखौंलाई आफ्नो घरबाट विस्थापित गरेको छ, र दशौं हजार घाइते वा मृत्यु हुनुपरेको छ । 'युद्धको लम्बाइ धेरै दिन हुने देखिए पनि तिनले 'हाम्रो हितका लागि निरन्तर लड्ने र उपलब्ध सबै उपाय प्रयोग गरेर आफ्नो रक्षा गर्ने' प्रतिज्ञा गर्दै कुनै संकेत देखाएनन्,' उनले भने। उनले आफूसँग सेना पठाउनुको विकल्प नभएको दाबी गर्दै वर्षौंदेखि पश्चिमा मुलुकले रूसको सुरक्षा मागलाई 'अनुहारमा थुक्ने मात्र' जवाफ दिएको बताए ।

रूसमा आफ्नो मानव अधिकार परिषद्का सदस्यसँगको टेलिभिजन बैठकमा बोल्दै पुटिनले भूमि अधिग्रहणलाई 'रूसका लागि महत्त्वपूर्ण परिणाम'को रूपमा वर्णन गरे र भने, 'अजोभको सागर रूसको आन्तरिक समुद्र बनेको छ ।' आफूले प्रशंसा गर्ने एक जना रुसी नेतालाई बारम्बार उल्लेख गर्ने एउटा ऐतिहासिक प्रसंगमा उनले थपे, 'पिटर द ग्रेटले पानीको त्यो स्रोतमा पहुँच प्राप्त गर्न लडेका थिए ।' तीव्र युक्रेनी प्रतिरोधका कारण किभ लिन असफल भएपछि रूसले आक्रमणको सुरुआतमा दक्षिणी युक्रेनको व्यापक भूभाग कब्जा गऱ्यो र लगभग तीन महिनाको घेराबन्दीपछि मे महिनामा मारिउपोलको अजोभ बन्दरगाहको प्रमुख सागर कब्जा गऱ्यो । गत सेप्टेम्बरमा पुटिनले युक्रेनका दक्षिणमा खेरसन र जापोरिजफिया र पूर्वमा डोनेट्स्क र लुहान्स्क गरी चार वटा क्षेत्रलाई रूसी भूभागमा गाभिएको औपचारिक घोषणा गरेका थिए ।

यसअघि सन् २०१४ मा युक्रेनको क्रिमियन प्रायद्वीपलाई पनि रूसी सेनाको नियन्त्रणमा लिई यो भूभाग आफ्नो भएको घोषणा गरेको थियो । पुटिनले आणविक अस्त्रसम्बन्धी आफ्नो यसअघिको टिप्पणी 'द्वन्द्व बढाउने कारक नभई प्रतिरोधको कारक' भएको दाबी गर्दै पश्चिमाको आलोचनालाई अस्वीकार गरे । 'हामी पागल भएका छैनौं । आणविक हतियार के हो भन्नेबारे हामी पूर्णजानकार छौं,' पुटिनले भने, 'हामीसँग ती हतियार छन् र ती अन्य कुनै पनि आणविक शक्तिको तुलनामा धेरै उन्नत र अत्याधुनिक छन् ।' *रासस/एपी*

काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

सूचना प्रकाशन मिति २०७९।०८।२३

यस सहमति सामुदायिक वन उपभोक्ता समूहको बैज्ञानिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्ने सिलसिलामा आ.व. २०७५/०७६ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको लट नं. १ को साल जातको गोलिया थान १०३ को ८०९.५४ घ.फि., सागवान जातको गोलिया थान ५२२ को १८३३.४२ घ.फि., मसला जातको गोलिया थान २५४ को २०१७.८६ घ.फि., धौटी जातको गोलिया थान १० को १५४.०९ घ.फि., पलास जातको गोलिया थान ५ को ३०.३० घ.फि.गोलिया काठ तथा सागवान जातको १.०० चट्टा र बिभिन्न जातको मिश्रीत १.०० चट्टा दाउरा र लट नं. २ को साल जातको गोलिया थान १०१ को ९४७.३१ घ.फि., सागवान जातको गोलिया थान ५६० को १९४७.४१ घ.फि., मसला जातको गोलिया थान २८९ को १८०६.०३ घ.फि., धौटी जातको गोलिया थान १७ को १५३.२२ घ.फि., पलास जातको गोलिया थान ४ को ३०.३७ घ.फि.गोलिया काठ तथा मसला जातको ०.५० चट्टा र साल,धौटी मिश्रीत १.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले २ वटा लट कायम गरी यो सूचना प्रकाशित गरिएको छ । काठ,दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको फर्म/उद्योगहरूले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टांस गरिएको छ ।

श्री सहमति सामुदायिक वन उपभोक्ता समूह
बारबर्दिया नगरपालिका-१ जमुनिया बर्दिया

आर.के.डी. होल्डिंग्स लिमिटेड

पोखरा उप.म.न.पा.८, कास्की, गण्डकी

विशेष साधारण सभा सम्बन्धी सूचना

श्री सेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९/०८/२१ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीको **विशेष साधारण सभा** देहायको मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थान :
मिति : २०७९ साल पुस महिना ११ गते सोमबार (डिसेम्बर २६, २०२२)
समय : बिहान १०:०० बजेदेखि
स्थान : ह्वइट हाउस सेरेन प्यालेस, सिर्जना चोक, पोखरा

२. छलफलका विषय सुचीहरू :
(क) **विशेष प्रस्तावहरू**
१. कम्पनीको प्रबन्ध पत्रको दफा ६ (क) र (ख) संशोधन गरी कम्पनीका अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा ।
२. कम्पनीको नियमावलीको नियम ९ मा भएको अग्राधिकार सेयर सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।
३. डिवेञ्चर जारी गर्ने सम्बन्धमा ।
(ख) **विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAJID MUSA BIN GHAITH CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०७/२९ पुन : विज्ञापनस्वीकृति मिति २०७९/०८/२२ LT. No. 275697 चलानी नं. ६०१९१३३२

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	General Labor	3	0	1000	३५,१५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १ गते (16th Dec. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Nexus Human Resource Pvt. Ltd. Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ANNECY PRO SALON AND INSTITUTE FOR LADIES BEAUTY **शहर:** Jahra Governorate

पूर्व स्वीकृति मिति:२०७९/०८/२१ LT. No. 277362 चलानी नं. ६०१९२९१७

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	KWD	ने.रू.							
1	Hair Dresser	0	47	150	६४,३७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १ गते (16th Dec. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनूहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Ujyalo Overseas Pvt. Ltd.
श्रम इजाजत नं. १३३९/०७४/०७५
Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL AHLA GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०७९/०५/२४ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०८/२१ LT. No. 271351 चलानी नं. ६०१८७८०५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Kitchen Labor	2	0	1000	३५,१५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIVERSIFIED LINES FOR PETROLEUM SERVICES (DLPS)

पूर्व स्वीकृति मिति : २०७९/०७/०६ पुन : विज्ञापनस्वीकृति मिति २०७९/०८/२२ LT. No. 274362 चलानी नं. ६०१८९९४५

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Construction Die Carpenter	3	0	1200	४२,१८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Construction Laboure	6	0	1000	३५,१५०							
3	Heavy Equipment Driver	4	0	1800	६३,२७५							
4	Heavy Truck Driver	4	0	1800	६३,२७५							
5	Mason	1	0	1200	४२,१८०							
6	Painter	2	0	1200	४२,१८०							
7	Scaffolding Erector	5	0	1200	४२,१८०							
8	Steel Fixer	5	0	1200	४२,१८०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर २९ गते (15th Dec. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD. श्रम ईजाजत नं. ३५९/०५९/०६०
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAGAR CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०८/०६ LT. No. 276297 चलानी नं. ६०१९१६९२

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	SR	ने.रू.							
1	Building Electrician	1	0	1300	४५,६९५	क.नि.अनुसार	८ घण्टा	६ दिन	क.नि.अनुसार	छ		२ वर्ष
2	Plumber	1	0	1300	४५,६९५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १ गते (16th Dec. 2022) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

---

स्वच्छन्द वचत तथा ऋण सहकारी संस्था लि.

चुच्चेपाटी-०७ चाबहिल , काठमाडौं
फोन नं. ०१-४४८२३८६ , ०१-४४८२३८८

तेह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस **स्वच्छन्द वचत तथा ऋण सहकारी संस्था लि.** को मिति २०७९/०८/२० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **तेह्रौं वार्षिक साधारण सभा** विभिन्न प्रस्तावहरू उपर छलफल गरी पारित गर्न निम्न मिति, स्थान र समयमा हुने भएकाले उक्त साधारण सभामा सम्पूर्ण सेयरसदस्यज्यूहरूलाई गरिमामय उपस्थितिका लागि विनम्र अनुरोध गर्दछु ।

छलफलका प्रस्तावहरू :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व.०७८/७९ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.०७८/७९ को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
४. आ.व.७९/८० को अनुमानित बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा ।
५. चालु आ.व.०७९/८० का लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. लाभांश वितरण तथा संरक्षित पूँजी फिर्ता कोष सम्बन्धमा ।
७. रिक्त रहेको कोषाध्यक्षको पदपूर्ति गर्ने सम्बन्धमा ।
८. सञ्चालक समितिको निर्णयले आ.व. ०७८/७९ मा भए, गरेका सम्पूर्ण कार्यहरूको अनुमोदन गर्ने सम्बन्धमा ।
९. सञ्चालक समिति, लेखा समिति अन्य उपसमिति व्यवस्थापक लगायतको तलव भत्ता तथा अन्य सुविधा पारित गर्ने सम्बन्धमा
१०. संस्था मर्जर (एकीकरण) गर्ने सम्बन्धमा ।
११. १३ औं वार्षिक साधरण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा
१२. विविध

तेह्रौ वार्षिक साधारण सभा बस्ने:
मिति : २०७९ पुस १५ गते शुक्रबार ।
समय : बिहान १०:०० बजे ।
स्थान : सलम्बुदेवी, सलम्बुटार, काठमाडौं ।

संचालक समितिको आज्ञाले
अध्यक्ष

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला – ९९७००	प्रति तोला – ९९२००	प्रति तोला – १३६०

पश्चिम सेती र पञ्चेश्वर पहिलो प्राथमिकतामा : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

धनगढी– प्रधानमन्त्री शेरबहादुर देउवाले पश्चिम सेती र पञ्चेश्वरजस्ता विकासका योजनाको निर्माण पूरा भएपछि विकास र समृद्धि आउने बताएका छन्।

धनगढीमा बिहीबारदेखि सुरु भएको सुदूरपश्चिम महोत्सवको उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले पश्चिम सेती जलविद्युत् परियोजना निर्माण गर्ने भारतीय कम्पनीले अनुमतिपत्र लिइसकेकाले छिट्टै आयोजनाको निर्माण पूरा हुने विश्वास व्यक्त गरे।

उनले पश्चिम सेती, चमेलिया जलविद्युत् परियोजना, रानी जमरा कुलरिया, महाकाली सिँचाइ आयोजना र पञ्चेश्वरजस्ता योजनाको निर्माणलाई सरकारले प्राथमिकता दिएको बताए।

पर्यटन तथा कृषिको विकासमार्फत आर्थिक समृद्धि गर्न सकिनेमा जोड दिँदै उनले विकासका लागि प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिए। कोरोना महामारीले थला परेको उद्योग व्यवसायलाई माथि उठाउन सरकार गम्भीर रहेको बताउँदै प्रधानमन्त्री देउवाले सुदूरपश्चिमको कृषि तथा पर्यटन विकासका लागि महोत्सवले टेवा पुर्‍याउने बताए। यस क्षेत्रलाई आर्थिक केन्द्रकारूपमा विकास गर्नु आजको आवश्यकता रहेको उनको भनाइ छ। सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशीले प्रदेशको विकासका लागि महोत्सवले टेवा पुर्‍याउने बताए।

श्रम तथा रोजगार तथा समाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरले उद्योग व्यवसायलाई सशक्त र व्यवस्थित बनाउन सरकारको ध्यानाकर्षण भएको बताए। उनले अर्थतन्त्रमा पछिल्लो समय देखिएको समस्या समाधान गर्न सरकार गम्भीर भएर लागेको दाबी गरे। देशमा पुँजी परिचालन अपेक्षाअनुसार हुन नसक्दा समस्या भइरहेको उनको भनाइ थियो।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले प्रदेशमा लगानी भित्र्याउनका लागि लगानीकर्तालाई जग्गाको उपलब्धता, लगानीको सुनिश्चितता र सुरक्षाको प्रत्याभूति आवश्यक रहेको बताए।

समारोहमा कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र पेस गरे। उक्त अवसरमा विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने व्यक्तिलाई प्रधानमन्त्री देउवाले सम्मानपत्र प्रदान गरेका थिए।

समृद्ध सुदूरपश्चिमका लागि आर्थिक समृद्धि भन्ने नारासहित सुरु भएको महोत्सव पुस २ सम्म सञ्चालन हुनेछ। महोत्सवमा झण्डै चार सय व्यापारिक कक्ष राखिएको छ। सुदूरपश्चिम प्रदेशको कृषि, उद्योग, पर्यटन, कला संस्कृति र व्यापार व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले २०६३ सालदेखि हरेक वर्ष सुदूरपश्चिम महोत्सवको आयोजना हुँदै आएको छ। महोत्सव कोरोना महामारीका कारण भने विगतमा दुई वर्ष हुन सकेको थिएन।

'विद्युत् खपत बढाउन सके आर्थिक विकास हुन्छ'

RATHI SWITCH & CABLE
अभिवृद्धि
FEEN ELECTRO TECH-2022
"Gateway to explore the ELECTRICAL world"
OPENING CEREMONY

■ प्रभाव संवाददाता

काठमाडौं– अर्थमन्त्री जनार्दन शर्माले ऊर्जाको खपत बढाउन सके आर्थिक विकास गर्न सकिने बताएका छन्।

फिन इलेक्ट्रो टेक-२०२२ प्रदर्शनीको उद्घाटन कार्यक्रममा बोल्दै मन्त्री शर्माले मुलुकभित्रै विद्युत्को खपत बढाउनुपर्ने र यसले व्यापार घाटा कम गर्न समेत सहयोग गर्ने बताए। उनले विद्युतको क्षेत्रमा भएको लगानीको प्रतिफल लिने समय आएको समेत बताए।

उनले पछिल्लो समय कोरोना महामारी र रसिया-युक्रेन युद्धका असरका कारण लगानीमाथिको गुणात्मक प्रतिफल पाउन नसकिएको बताए। उनले विद्युत् बिक्री गर्नेभन्दा पनि खपतमा जोड दिनुपर्नेमा जोड दिए। 'विद्युत् बेच्नु पर्दैन अब विद्युत् बेच्ने जमाना गए, स्वदेशमै विद्युत्को खपत बढाउनुपर्छ', उनले भने।

कार्यक्रममा बोल्दै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी दिनमा विद्युत् खपत बढ्दै जाँदा विद्युत्सम्बन्धी सामग्रीको बजार पनि बढ्ने बताए। भोलिका दिनमा १५ हजार मेगावाट विद्युत् खपत गर्न सकियो भने विद्युतीय सामग्रीसम्बन्धित बजारको पनि सुनिश्चितता हुने उनको भनाइ छ।

'बर्खायाममा विद्युत् निर्यात हुनु हाम्रो सफलता होइन, विद्युत् खपतबाटै समृद्धि हुन्छ। तर खपत नभएको विद्युत् खेर फाल्नुभन्दा निर्यात गर्नुपर्छ', उनले भने।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले विद्युत् उत्पादन गर्ने कम्पनीहरूले यस क्षेत्रमा गरेको अर्बौं लगानी बचाउन सरकारसँग आग्रह गरे। 'पूर्वाधारको अभावमा विद्युत् प्रयोग गर्न सकिएको छैन। अर्बौं लगानीका आयोजनाको पिपिए हुनसकेको छैन', उनले भने।

'नेपालको समृद्धि, ऊर्जा खपत अभिवृद्धि' नारासहित फिन इलेक्ट्रो टेक २०२२ प्रदर्शनी बिहीबारदेखि सुरु भएको हो। प्रदर्शनी मङ्सिर २५ गतेसम्म चल्नेछ।

कर्पोरेट

सानिमा बैंकको १८ औं वार्षिकोत्सवमा विभिन्न कार्यक्रम

काठमाडौं (प्रस)– सानिमा बैंकले २०७९ साल मंसिर २१ गते, बुधबार विविध कार्यक्रमहरू आयोजना गरी आफ्नो १८ औं वार्षिकोत्सव मनाएको छ। यसै अवसरमा केन्द्रीय कार्यालय नक्सालमा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चल राज पाण्डेले अनवरत रूपमा दश वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई सम्मान पत्र प्रदान गरे। उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पाण्डेले १८ वर्षको अवधिमा सबल अनि विश्वसनीय बैंकको रूपमा स्थापित हुन सफल भएकोमा खुसी व्यक्त गर्दै बैंकलाई सफल बनाउन सहयोग गर्ने बैंकका संचालक समिति, व्यवस्थापन समूह लगायत सम्पूर्ण कार्यरत कर्मचारी तथा अन्य सरोकारवालाहरूमा कृतज्ञता व्यक्त गरे। साथै, आगामी दिनमा बैंकले आफ्ना कर्मचारीका लागि देश तथा विदेशमा विभिन्न प्रशिक्षण तथा तालिमको व्यवस्था मिलाउने जानकारी गराए। उक्त कार्यले कर्मचारीहरूको वृत्ति विकास भई गुणस्तरीय कार्यसम्पादन मार्फत ग्राहक सेवामा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे।

वार्षिकोत्सवको अवसरमा बैंकले काठमाडौंमा सामुदायिक सेवा केन्द्र-नारायणचौर, नक्सालको सहकार्य तथा ब्लड डोनर एशोसिएसन नेपाल (ब्लोदान) र कान्तिपुर अस्पताल, तिनकुनेको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। उक्त कार्यक्रममा बैंकका कर्मचारी तथा अन्य स्थानीय रक्तदाताहरूको उल्लेखनीय सहभागितामा सम्पन्न भयो। त्यसैगरी आगामी २०७९ साल पुष ९ गतेसम्म देशका सातै वटा प्रदेशमा रहेका शाखाहरू मार्फत रक्तदान कार्यक्रम संञ्चालन गर्ने प्रबन्ध मिलाइएको छ।

सानिमा बैंकले स्थापनाकालदेखि नै संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत शैक्षिक छात्रवृत्ति तथा अन्य विभिन्न कार्यक्रमहरू गर्दै आएको छ।

बैंकले वार्षिकोत्सवको अवसर पारेर आधुनिक तथा नविनतम प्रविधिको प्रयोग गरी आफ्नो वेवसाइटलाई थप सुविधा सहित परिष्कृत रूपमा संचालनमा ल्याएको छ। उक्त वेबसाइट मार्फत विभिन्न प्रकारका बैंक खाता खोल्न, डिम्याट खाता खोल्न, सीआस्वा र मेरो सेयरको आवेदन दिन सकिनेछ। साथै विदेशमा बस्ने नेपालीहरूले इकेवाइसी तथा भीकेवाइसीबाट खाता अद्यावधिक गर्ने सुबिधा पनि लिन सक्नेछन्।

हालसम्म सानिमा बैंकको सातै प्रदेशमा १३० वटा कार्यालयहरू र १२३ वटा एटिएम संजालहरू मार्फत सेवा प्रदान गर्दै आइरहेको छ।

रिलायन्स लाइफ इन्स्योरेन्सको सम्मान

पाल्पा (प्रस)– रिलायन्स लाइफ इन्स्योरेन्स तानसेन शाखाद्वारा अभिकर्ता भेटघाट तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रममा कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत निराजन कंडेल, चिफ बिजिनेश अफिसर सूर्य प्रकाश गुप्ता, चिफ बिजनेश अफिसर सन्दिप कसजु, रिजनल मेनेजर इन्द्र विश्वकर्मा तथा शाखा प्रवन्धक सन्तोष पौडेलको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा कम्पनीका अभिकर्ताहरू रिलायन्स साथी'हरूलाई सम्मान गरिएको थियो।

'नेपाली आकाश सुरक्षित छ'

काठमाडौं (प्रस)– संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले नेपाली आकाश हवाई उडानका लागि सुरक्षित रहेको बताएका छन्। अन्तर्राष्ट्रिय नागरिक उड्डयन दिवसका अवसरमा यहाँ आयोजित एक कार्यक्रममा उनले अन्तर्राष्ट्रिय निकायले हवाई सुरक्षाका विषयमा प्रश्न उठाउनुपर्ने अवस्था नरहेको बताए। 'प्राधिकरणले अझ सुरक्षालाई व्यवस्थित बनाउने काम गरिरहेको छ', उनले भने।

नागरिक उड्डयन प्राधिकरणले हवाई सुरक्षाका विषयमा जिम्मेवारीपूर्वक काम गरिरहेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले नेपालको हवाई उडान 'आइकाओ'को कालोसूचीबाट हट्ने अवस्थामा पुगेको बताए। हवाई सुरक्षा नीतिका विषयमा सरकारले आफ्नो नीति स्पष्ट बनाएको बताउँदै उनले आइकाओले नेपालको नीति, प्राधिकरणले हवाई सुरक्षामा गरेका कामका आधारमा चाँडै कालोसूचीबाट हट्ने विश्वास व्यक्त गरे।

उनले नेपाल वायुसेवा निगमको नेतृत्वले क्षमता विकास गर्न नसकेको बताए। सरकारले ठूलो लगानी गरेको वायुसेवा निगममा अयोग्य नेतृत्वका कारण जनताले सेवा लिनबाट वञ्चित हुने तथा विभिन्न दुःख पाउने गरेको टिप्पणी गरे।

भाडा वृद्धि फिर्ता गर्न ध्यानाकर्षण

■ प्रभाव संवाददाता

काठमाडौं– औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले नियमविपरीत भाडादर वृद्धि गरेको भन्दै भाडादर तत्काल फिर्ता गर्न नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघले माग गरेको छ। लिमिटेडले विद्यमान ऐन र नियमविपरीत भाडादर वृद्धि गरेकामा विरोध जनाउँदै महासंघले पत्रकार सम्मेलन गरी भाडादर तत्काल फिर्ताको माग राख्दै संघर्षका कार्यक्रम घोषणा गरेको हो।

निर्यात प्रवर्द्धन गर्ने र उद्योग सञ्चालनमा सहजीकरण गर्नुपर्ने जिम्मेवारी लिएको निकायले उद्योग नै चल्न नसक्ने गरी भाडा वृद्धि गरेको महासंघको ठहर छ। महांघको सहमतिविपरीत २०७५ सालमै सञ्चालक समितिले सात सय प्रतिशतसम्म भाडा बढाएको र अहिले सो कार्यान्वयन गर्ने भन्दै २०७९ साउन २ मा भाडा वृद्धिको लाखौँको बिल उद्योगमा पठाएको भन्दै महासंघले विरोध गरेको छ।

महासंघका अध्यक्ष रामहिरा पाठकले बैंकलाई ब्याज तिर्न र कर्मचारीलाई तलब खुवाउनसमेत समस्यामा रहेका व्यवसायीलाई भार पर्नेगरी भाडा वृद्धि गरिएको बताए। उनले एकैपटक सात सय प्रतिशतले भाडा वृद्धि गर्ने कार्य नियमसम्मत नभएको जिकिर गर्दै उक्त निर्णय तत्काल खारेज गर्न माग गरे।

अध्यक्ष पाठकका अनुसार २०७१ सालमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ जारी भएपछि भाडा वृद्धिको मापदण्ड बनाएर पाँच/पाँच वर्षमा भाडा वृद्धि गर्नुपर्ने व्यवस्था गरिएको थियो।

विसं २०७२/२०७४ मा १५/१५ प्रतिशतका दरले भाडा वृद्धि गरिएको र २०७५ सालमा एकैपटक सात सय प्रतिशतले वृद्धि गरिनु नियमसम्मत नभएको व्यवसायीको बुझाइ छ। उद्योगीले उठाएका माग सम्बोधन नगरेका खण्डमा पहिलो चरणबद्ध संघर्षमा उत्रन बाध्य हुने महासंघका पूर्वध्यक्ष शैलेन्द्र श्रेष्ठले बताए। नेपालका औद्योगिक क्षेत्रमा सञ्चालित करिब सात सय ५० उद्योगबाट विभिन्न शीर्षकमा वार्षिक रु ५५ अर्ब हाराहारी राजस्व बुझाउने गरिएको महासंघको दाबी छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ